# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- १४, २०७९ साल कार्तिक १५ गते मंगलबार (Nov 1, 2022) www.janaakash.com.np मूल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# चाडपर्व सकिएपछि दलहरु निर्वाचनमा केन्द्रित

काठमाडौं । चाडपर्व सकिएसँगै राजनीतिक दलहरु मंसिर ४ गतेको प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा केन्द्रित हुन थालेका छन्। अब २० दिनमात्र रहेको निर्वाचनमा बहुमत ल्याउने दाबी र रणनीतिका साथ उनीहरु निर्वाचनको मैदानमा उत्रन थालेका हुन् । निर्वाचन आचारसंहिताका कारण मतदाताको घरदैलोमा जान नपाएका उम्मेदवारहरु १७ गतेबाट मतदाताको घरदैलोमा पुग्नेछन्। घरदैलोसँगै उम्मेदवारहरु चुनावी प्रचार(प्रसारका लागि सभा सम्मेलनहरुमा पनि केन्द्रित हुनेछन्। अहिले केही सीमित कार्यकर्तासँग भेटघाट र आन्तरिक रणनीति बनाउन दलहरुका उम्मेदबारहरु केन्दित रहेका छन् । दशैं, तिहार, छठ लगायतका पर्वहरुले पारिवारिक भेटघाटमा व्यस्त उम्मेदवार तथा राजनीतिक दलहरु चाडपर्वको मैझारो गर्दै चुनावी गतिविधिलाई प्राथमिकताका साथ अगाडि बढाउन थालेका हुन् ।

नेताहरु मतदाता समक्ष पुग्न थालेका छन् भने पार्टीहरु आफूले तयार गरेको घोषणापत्र सार्वजनिक गर्ने तयारीमा केन्द्रित भएका छन् । यही मेसोमा नेपाली कांग्रेसले शनिबार आफ्नो घोषणापत्र सार्वजनिक गरेको छ । त्यस्तै सत्ता गठबन्धनका दलहरु र प्रतिपक्षमा




रहेका दलहरुले पनि घोषणापत्र ल्याउने अन्तिम तयारी थालेका छन् । हालसम्म नेपाली कांग्रेस, नेपाल मजदूर किसान पार्टी, नेपाल समाजवादी पार्टी र केही स्वतन्त्र उम्मेदवारहरुले आफ्नो घोषणापत्र सार्वजनिक गरेका छन्। जनतालाई मत माग्न आफ्ना प्रतिज्ञा सार्वजनिक गरिसकेका उनीहरुले आफूले बहुमत ल्याएर सरकार बनाए ५ वर्षमा के(के गर्ने भनेर घोषणापत्रमा उल्लेख गरेका छन्। सत्ता गठबन्धनमा रहेका माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीले पनि आफ्नो घोषणापत्रलाई अन्तिम रुपमा दिएका छन् । मंसिर ४ गतेको निर्वाचनमा सत्ता गठवन्धन भर्सेस प्रमुख प्रतिपक्ष नेकपा एमाले नेतृत्वको गठबन्धन हुने देखिएको छ । सत्तारुढ दलहरु नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले गठबन्धन गरेका छन् ।

त्यस्तै, एमालेको नेतृत्वमा जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राप्रपा नेपाल लगायतले गठबन्धन गरेका छन् । सत्ता गठवन्धनभित्र रहेको माओवादी केन्द्र र एकीकृत समाजवालेले आफ्नो घोषणापत्रलाई अन्तिम रुप दिँदै सोमबार सार्वजनिक गर्ने तयारी गरेका छन्। त्यस्तै, प्रमुख प्रतिपक्ष नेकपा एमालेसँग केही क्षेत्रमा तालमेल गरेको राप्रपाले पनि सोमबार घोषणापत्र सार्वजनिक गर्ने कार्यक्रम तय गरेको छ । नेकपा एमालेले कात्तिक १५ गते आफ्नो घोषणापत्र सार्वजनिक गर्ने तयारी गरेको छ । जनता समाजवादी पार्टीले चुनावी घोषणापत्र कात्तिक १६ वा १७ गतेसम्म सार्वजनिक गर्ने तयारी गरेको जसपाका नेता प्रकाश अधिकारीले बताए। लोकतान्त्रिक समाजवादी पार्टी भने अहिलेसम्म घोषणापत्र बारे अन्योलमै हेको एक नेताले नेपाल लाइभसँग बताए। कम क्षेत्रमा उम्मेदवारी दिएकोले उम्मेदवारले प्रतिबद्धताहरु सार्वजनिक गरेकोले पार्टीको बेग्लै घोषणापत्र आउने सम्भावना पनि कम रहेको उनले बताए । एकअर्काको

बाँकी ६ पृष्ठमा

## कात्तिक १७ देखि मंसिर १ सम्म जुलुस र आमसभा गर्न मिल्ने

कात्तिक । आसन्न निर्वाचनमा उम्मेदवारहरुले कात्तिक १७ गतेदेखि मङ्सिर १ गतेसम्म प्रचारप्रसारअन्तर्गत जुलुस, आमसभा, कोणसभा गर्न पाउने स्पष्ट पारेको छ । मंसिर ४ गते हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि जारी गरिएको निर्वाचन आचारसंहिता, २०७९ बमोजिम जुलुस, आमसभा तथा कोणसभा गर्न पाउने स्पष्ट पारेको हो । आचारसंहिताको दफा १३ मा राजनीतिक दल, उम्मेदवार, दलको भ्रातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरिएको छ । उक्त दफा १३ (म) मा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा १७ दिनअघिदेखि मात्र निर्वाचन प्रचारप्रसारअन्तर्गत जुलुस, आमसभा, कोणसभा गर्न र सञ्चारमाध्यममा आफ्नो निर्वाचनसम्बन्धी सामग्री प्रकाशन वा प्रसारण गर्न सकिने व्यवस्था गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ । आचारसंहिताबमोजिम निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीका लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैं वा प्रतिनिधिमार्फत् मतदान सम्पन्न भएको १५ दिनभित्र निर्वाचन कार्यालयमा पेश गर्नुपर्नेछ । आचारसंहिताबमोजिम दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको र्‍याली गर्दा बढीमा १० वटा राष्ट्रिय झण्डा प्रयोग गर्न सकिनेछ । यस्तै कुनै पनि धर्मको नाममा प्रचारप्रसार गर्न गराउन नहुने, उम्मेदवार तथा निजको परिवारलाई कुनै तवरबाट डर, त्रास तथा धम्की दिन नहुने र कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचारप्रसार गर्न वा मत माग्न नहुने प्रावधान आचारसंहितामा रहेका सम्बन्धमा पनि आयोगले स्मरण गराएको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयन भए/नभएका सम्बन्धमा निर्वाचन आयोग र जिल्ला आचारसंहिता अनुगमन समितिबाट भएको अनुगमन, उल्लङ्घनका घटनाबारे प्राप्त उजुरी तथा जानकारीका आधारमा स्पष्टीकरण सोध्ने र जवाफ आउनेक्रम जारी छ । आचारसंहिताको प्रतिकूल हुने गरी कुनै पनि गतिविधि नगर्न आयोगले राजनीतिक दल, उम्मेदवार र सम्बन्धित पक्षसँग आग्रहसमेत गर्दै आएको छ ।

## भक्तपुर २मा फेरिएको राजनीतिक अङ्कगणितमा गठबन्धन र एमालेको प्रतिस्पर्धा

भादगाउँ । प्रतिनिधिसभा र प्रदेशसभाका लागि आगामी मङ्सिर ४ गते घोषित निर्वाचन नजिकिएसँगै आन्तरिक जोड घटाउको गृहकार्यमा जुटेको नेकपा (एमाले)ले भक्तपुर क्षेत्र नं २ लाई आफूले जित्ने क्षेत्रका रुपमा लिएको छ । एमालेको आन्तरिक मूल्याङ्कनमा आँकलन गरिएको उक्त क्षेत्रमा विसं २०७४ को निर्वाचनमा प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार दमननाथ ढुङ्गानालाई झण्डै दोब्बर मतले पराजित गरेको एमालेका नेता महेश बस्नेतको यो क्षेत्र पार्टी अध्यक्ष केपी शर्मा ओलीका गृह क्षेत्र पनि हो । एमाले गुमाउन नचाहेको यो क्षेत्रमा स्थानीय तहको निर्वाचन परिणामले भने राजनीतिक अङ्कगणितलाई परिवर्तन गरिदिएकाले उक्त दल झस्किएको छ ।

जिल्लाको दुई संसदीय निर्वाचन क्षेत्रमध्ये १ मा नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को बलियो पक्कड र वर्चश्व रहँदै आएको छ । प्रजातन्त्र पुनःस्थापनापछि सम्पन्न पहिलो आम निर्वाचन २०४८ सालदेखि नै यहाँबाट नेमकिपाले अत्यधिक बहुमतका साथ जीत हासिल गर्दै आएको छ । विसं २०४८ देखि २०७० सम्म अध्यक्ष नारायणमान बिजुक्छेंले जित्दै आएको यो क्षेत्रमा उहाँले विसं २०७४ मा आफ्नो उत्तराधिकारीका रुपमा पार्टी सचिव प्रेम सुवाललाई अघि सारे ।

उक्त निर्वाचनमा सुवालले ३३ हजार ७६ मत ल्याएर विजयी हुनुभएको थियो भने निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका बाबुराजा जोशीले १७ हजार ८१८ मत ल्याएर पराजित भएका थिए । यसैगरी एमाले(माओवादी गठबन्धनबाट माओवादीका मिलन सुवालले १५ हजार ३७४ मत ल्याएर तेस्रो बरियतामा परेका थिए ।

क्षेत्र नं २ मा भने नेपाली कांग्रेस र नेमकिपाले आलोपालो जित्दै आएकामा २०७४ मा एमालेका महेश बस्नेत विजयी भएको उक्त क्षेत्रमा २०४८ मा कांग्रेसका जगन्नाथ आचार्य, २०५१ मा नेमकिपाका आशाकाजी वासुकला, २०५६ मा कांग्रेसका लेखनाथ न्यौपाने, २०६४ मा नेमकिपाका सुनिल प्रजापति, २०७० मा कांग्रेसका रामेश्वर ढुङ्गेल र २०७४ सालमा एमालेका महेश बस्नेतले जितेका थिए ।

राज्य पुनःसंरचना गरी सङ्घीयतामा गएपछि भक्तपुरका दुई निर्वाचन क्षेत्रको भूगोल पनि फेरिएको छ । यसअघि भक्तपुर क्षेत्र नं १ मा रहेको मध्यपुरथिमिको केही वडा नं २ मा पारिएको छ भने क्षेत्र नं २ मा रहेको भक्तपुर नगरपालिकाका केही वडा क्षेत्र नं १ मा पारिएको छ । यसैका कारण क्षेत्र नं १ मा नेमकिपा थप बलियो भएको छ भने क्षेत्र नं २ मा कमजोर बनेको छ । क्षेत्र नं २ मा कांग्रेस र एमाले बराबरको शक्तिमा रहेको छ । यसैको फाइदा उठाउँदै २०७४ मा एमालेले विजयको झण्डा फहराउन सफल भएको थियो ।


एमालेका बस्नेतले ३६ हजार चार सय १२ मत ल्याएर विजयी हुँदा कांग्रेसका दमननाथ ढुङ्गानाले १८ हजार छ सय ८७ मत ल्याएका थिए । त्यतिबेला बस्नेतलाई माओवादीसहितको वाम गठबन्धनले सघाएको थियो । नेमकिपाका अनुराधा थापामगरले पाँच हजार चार सय ७१ मत ल्याएर तेस्रो भएका थिए । बस्नेतले अत्यधिक मतका साथ विजय हासिल गर्नुमा वाम गठबन्धनको फाइदा त थियो नै २०७४ को स्थानीय तहको निर्वाचनको परिणाम र कांग्रेसका उम्मेदवार 'टुरिस्ट' हुनु पनि प्रमुख कारण थियो । विसं २०७४ को स्थानीय तहको निर्वाचनमा आफ्नो बलियो गढका रुपमा रहेको मध्यपुरथिमि नगरपालिकामा कांग्रेसले नगरप्रमुख गुमायो ।

बाँकी ६ पृष्ठमा

## सन्दीप लामिछानेविरुद्ध मुद्दा दर्ता, १० देखि १२ वर्ष जेल सजाय गर्न माग दाबी

काठमाडौं । राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछानेविरुद्ध जबरजस्ती करणीको कसूरमा मुद्दा दर्ता भएको छ । जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंले जिल्ला अदालतमा सोमबार अभियोग पत्र दर्ता गराएको जिल्ला सहन्यायाधिवक्ता अच्युतमणि नेउपानेले बताए । उनका अनुसार जिल्ला प्रहरी परिसर, काठमाडौंले बुझाएको रायसहितको अनुसन्धान प्रतिवेदनका आधारमा अभियोग पत्र पेश गरिएको हो । सरकारी वकिलको कार्यालयका अनुसार लामिछानेविरुद्ध प्रहरीले अनुसन्धान सकेर मुलुकी अपराध संहिताको जबरजस्ती करणी गर्न नहुने कसूरमा सजायको मागदाबीसहित अनुसन्धान प्रतिवेदन ल्याएको थियो । संहिताको दफा २१९ को उपदफा ३ (घ) मा पीडित १६ वर्ष वा त्यसभन्दा बढी १८ वर्षभन्दा कम उमरको भए १० देखि १२ वर्षसम्म कैद सजायको व्यवस्था छ । त्यही अनुसार अधिकतम

बाँकी ६ पृष्ठमा

‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’- *मोहन कार्की*

## सम्पादकीय

# आलोचित बन्ने गरेको निर्वाचन आयोग

नेपालमा जब जब निर्वाचनको संघारमा देश गइरहेको हुन्छ । त्यतिबेला निर्वाचन आयोग आलोचित बन्ने गरेको छ । जति आलोचित बने पनि निर्वाचन आयोगले निर्वाचन गराएरै छाडेको ईतिहाँस छ । चाहे त्यो पञ्चायतले गराएको निर्वाचनमा बहुदलीय व्यवस्थाका हिमायतिहरुले गरेको आलोचनाहोस वा राजा ज्ञानेन्द्रको साशनको वेला गराएको नगरस्तरीइ निर्वाचन नै किन नहोस त्यतिवेला माओवादी र नेपाली काँग्रेस, एमाले लगायतले गरेको आलोचनाका बाबजुद पनि निर्वाचन भएका छन् ।

यस्ता निर्वाचन नेपालमा हुने गरेका छन् । निर्वाचनका लागि निर्वाचन विगतमा हुदै आएका पनि हुन भने निर्वाचनमा असल, शासनका लागि विकसित राष्ट्रहरुले गरेको सफल प्रणाली नेपालले पनि सिको गर्न थालेको झण्डै एक दशक अर्थात १०० बर्ष पुग्न लागेको छ । तर परिणाममुखी भएको छैन । जनताको शासन स्थापना गर्न जनताले नै मतदान गरेर पठाई जनताकै भलोको लागि काम गर्ने साझा व्यक्ति छानेर पठाउने यस्ता निर्वाचनको महत्व हुने गर्दछ ।

तर अल्पविकसित राष्ट्र र चेतनस्तर कम भएका राष्ट्रहरुमा धन, डन, धाक, धम्की, त्रास फैलाएर पनि गलत मनसाय राखेर चुनाव जित्ने समाजलाई कुरीतितिर लगेको पाइन्छ । त्यस्तै देशहरु छिमेकी भारत, बगलादेश, अफगानिस्तान जस्ता देशमा यस्ता कुरीति भेटिन्छन् भने नेपाल पनि यस्ता कुरीतिवाट अछुतो रहन सकेको छैन ।

तर पछिल्ला समयहरुमा निर्वाचन आयोगले सुधारका कामहरु गर्दै निर्वाचनलाई मितव्यायी बनाउन थुप्रै पऱ्यास गरेको भएपनि व्यवहारमा आउन सकेको छैन । ठुला भनिएका र सरकारमा रहेका पार्टीहरुले निर्वाचन आयोगले बनाएका नीति, नियम, आचारसंहिता पालना नगर्दा त्यस्ता पार्टीका उम्मेद्धारहरुलाई कारवाही गर्न सकेको छैन । भने साना दलका उम्मेद्धारहरुलाई भने कारवाही गरेर दुईखालका व्यवहार देखाउने गरेको कारणवाट विगतमा आलोचित हुदै आएको छ ।

त्यसैकारण पनि कतिपय साना पार्टीहरुले निर्वाचनमा भाग नलिने बताएका छन् । कतिपयले त संसदीय प्रणाली भनेको झेली, जालीहरुको निर्वाचन भनेर समेत आरोप लगाउने गरेका छन् ।

त्यसकारण जति आलोचना भएपनि निर्वाचन त हुन्छ । तर निर्वाचन कस्तो खालको हुन्छ भन्ने एकिन चै गर्न सकिदैन । विगतको जस्तो विभेदकारी निर्वाचन नहोस भन्ने आम मतदाता नागरिकहरुको चासो बढेको हुनाले निर्वाचन आयोग निष्पक्ष, पारदर्शी, जवाफदेही र जनमुखी होस भन्ने आम मतदाताको चहाना बमोजिम होस् ।

# छठ पर्वको रौनक र सांस्कृतिक समन्वय

**अच्युतप्रसाद पौडेल ‘चिन्तन’**

शुभकामना दिइँदा दसैँदेखि छठसम्मको एकैपटक दिइने हाम्रो बानी बसिसकेको छ । तिहारपछि त लगत्तै छठ सुरु हुने र यो पर्वको उत्कर्ष यसै कात्तिक १३ गते परेको छ । झन्डै एक हप्तासम्म धूमधामसँग मनाइने गरिन्छ यो पर्व । कार्तिक शुक्ल चौथीमा स्नान, दान, धर्मका साथ सुरु हुने छठ पर्वको विशेष रौनक षष्ठी तिथि नै हो । मिथिला संस्कृतिको अभिन्न अङ्ग बनेको छठ पर्व भन्नु ऊर्जाको केन्द्र सूर्यको उपासना नै हो । यो संस्कृतिको प्रमुख धरोहर छठको परम्पराले मैथिल( थारुलगायत भोजपुरी, अवधिदेखि पूरै हाम्रो तराईक्षेत्र ओगटेको छ । पर्व सञ्चालनका क्रममा केही वर्ष यतादेखि त काठमाडौँको गौरीघाट, नागपोखरी, रानी पोखरी, सबैजसो नदी किनारा नै ढाकेको देखिन्छ । वि.सं. २०४६ देखि राष्ट्रव्यापी चाडका रूप लिएको छठ पर्वमा छठी माताको पूजा गरिन्छ । शुक्ल षष्ठीमा विशेष धूमधामका साथ मनाइने भएकाले यस पर्वको नाम छठ रहेको हो । हरेक जन्मदिनमा दीर्घायु र सुस्वास्थ्यको कामना गर्दै गरिने अष्टचिरन्जीवी भनौँ व्यास, वलि, हनुमान, विभिषण, प्रह्लाद, मार्कण्डेय, अश्वत्थामा, पर्शुरामको पूजा उपासना गर्दा षष्ठिका देवीको पूजा उपासना गर्नै पर्ने हुन्छ । सत्ययुगमा अत्रि ऋषिकी पत्नी अनुसूयाबाट पनि षष्ठिका माताको पूजा(उपासना भएको पौराणिक मान्यता छ भने चन्द्रमाको जन्म उनै अत्रि अनुसूयाको गर्भबाट भएको हो । संसारको सत्य सूर्य, चन्द्र, धर्ती, आकाश भनौँ ब्रह्माण्ड नै हो । त्यसैले आद्य गुरु शंकराचार्यको कथन छ ब्रह्म सत्यं जगत् मित्थ्या ।

कोभिड(१९ ले देशका ठूला चाडबाडहरूलाई असर पारेको थियो पहिले, हाल डिँगोको समस्या छ । धेरैलाई विगतझैँ यसपालि पनि दसैँ खल्लो भयो, मनसुनका कारण, ठूलो चाड तिहार पनि अनियन्त्रित बजारले यस्तै यस्तै भयो । यसपालि लक्ष्मीपूजामा बिजुली आयात भएन, निकासी भयो, तर चाडबाडकै मुखमा इन्धनको भाउले सबैलाई सतायो, फूलमालाहरू विदेशबाट ओइरिएकै हुन्, अतीतमा पनि ओइरिएकै हो । भाइ मसला पनि विदेशी नै हो । अन्य कार्यक्रक खुल्ला हुने तर धर्म(संस्कृतिका कार्यक्रम देउसी, भैलो आदिलाई बेलुका ९ बजेपछि प्रतिबन्ध लाग्दा विरोधका स्वर चर्कै देखियो यसपालि पनि ।

पूर्व दिशाबाट झुल्कने सूर्यका अल्ट्राभाइलेट किरणमा जीवात्माका लागि अत्यावश्यक भिटामिन ए र डी पाइन्छ । सौर्य किरणमा अनन्त ब्रह्माण्डीय ऊर्जा शक्ति हुन्छ । सप्तरङ्गी इन्द्रेणीसमेत मिश्रण सौर्य किरणबाट आज विज्ञानले अनेकौं सुविधायुक्त चमत्कार देखाउँदै छ । संसारकै लागि वैज्ञानिक बनेको वैदिक शास्त्रअनुसार मानिसको आत्मकारक ग्रह सूर्य नै हो । अथर्ववेदले सूर्य किरणमा मानवरोग निवारणको प्रचुर शक्ति हुन्छ भनेको छ । निरोगिता, आयु, आरोग्य, देह पुष्टि, बल बर्द्धनका लागि छठको पर्वको रूपमा पूजा आरम्भ भएको सूर्य पूजाको परम्परा हिजोआज प्रमुख सहरहरूदेखि काठमाडौँको धेरै क्षेत्र, पशुपतिको सूर्यघाट, आर्यघाट, विष्णुमतीको छेउछाउ मात्र नभएर अधिकांश मठ, मन्दिर एवं नदी किनारासम्म पुगेको छ । जनकपुरको जानकी क्षेत्र र काठमाडौँको रानीपोखरी क्षेत्रमा त भव्य विवाह उत्सवझैँ झकिझकाउ नै हुन्छ । ७२ को भूकम्पपछि नीरस बनेको रानीपोखरी हाल हराभरा भएको छ, माथिबाट खन्याइएको पानी नै भए पनि हेर्न लायक छ । त्यसो त त्यसैको बीच भागमा रहेको यमलेश्वर भनौँ बालगोपालेश्वर मन्दिरले पनि पुनर्जीवन प्राप्त गरेको छ । काठमाडौँको नागपोखरी तथा रानीपोखरीमा छठको रौनक देखिएको हो अतीतमा पनि ।

अविवाहितहरूले विवाहपछिको दाम्पत्य सुख र विवाहितहरूले असल पारिवारिक जीवनीको चाहना राखी उदाउँदो सूर्यलाई अर्घ्य दिई एकाबिहानै घाट वा नदी तलाउ किनारमा बसी उपासना गर्ने परम्पराको थालनी अत्रि पत्नी अनुसूयाबाटै भएको र पतिव्रता अनुसूयाले पतिको दीर्घायुको कामना गर्दै छठी माताको पूजा गरी आरम्भ गरेको छठ पर्वले द्वापर युगसम्म निरन्तरता पाई श्रीकृष्णपुत्र शाम्बले कुष्ठरोग निवारणहेतु यो व्रत गरेको कुरा भविष्यपुराणमा वर्णित छ । वेदले वताएको सम्पूर्ण जीव र जगत्को आँखा रूप सूर्य पूजाबाट अन्य मनोकामना पनि पूरा हुने विश्वास गरिन्छ । पुसमा हिन्दू नारीहरू हरेक आइतबार सूर्य उपासना गर्ने गर्छन् भने तागाधारी ( जनै लगाउने) हरूले जप्ने सूर्य गायत्री मन्त्रले आत्मिक चुरो, भित्री बल, दृढ इच्छाशक्ति, मनोबल वृद्धि हुने कुरा वैज्ञानिकहरूले पुष्टि गरेका छन् । मानवको उषाकालदेखि जीवन्त सौर्य ऊर्जाले संसारकै प्राणीलाई हित गर्छ भने अघि च्यवन ऋषिकी पत्नी सुकन्याले षष्ठिका व्रत गरेर छठ पूजा गरी अश्विनीकुमारहरूमार्फत आफ्ना अन्धा पति च्यवनलाई उपचार गरी पुनर्दृष्टि प्रदान गरेकी थिइन् । छठ पूजा समूहमा आबद्ध भएर गरिने पर्व विशेष हो । अघि महाभारत कालमा पाँच पाण्डवहरूले आफ्नो गुप्त बासको, वन बासको समय समूहबद्ध भई सूर्योपासना गरेका थिए, जसबाट सूर्यदेव खुसी भई पाण्डवहरूलाई शक्ति सञ्चयको आशीर्वाद प्राप्त भएको थियो ।

सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु र संहारकर्ता शिवको संयुक्त रूप भनेको सूर्य नै हो । सम्पूर्ण प्राणीमात्रको आत्माका रूपमा रहेको सूर्यले प्राणीहरूलाई ताप शक्ति दिन्छ । न्यानोपना नभए प्राणीको जीवन जीवन्त हुन सक्तैन । कात्तिकदेखि बिस्तारै बढी जाडो हुने गर्छ, यसैले पनि मानिसहरू ताप शक्तितिर लाग्नु स्वाभाविक हो । शीतलताको कारक, मानिसको मनको ऊर्जास्रोत भनेको चन्द्रमा हो । सूर्यले दिनमा महत्व दर्साएझैँ चन्द्रमाले रातमा आफ्नो मनमोहक उपस्थिति दर्साएको हुन्छ । शारदीय रात्रिमै भगवान् श्रीकृष्णले संसार चकित पार्ने रासलीला रचाउनुभएको थियो, यसै कार्तिक शुक्ल रात्रि हो । दिन र रात, सुख र दुःख मानव जीवनको पर्याय नै हो ।

जीवनको आरम्भ जलमा हुन्छ । जलतत्व, ज्वारभाटा, समुद्र चन्द्रमाबाट प्रभावित हुन्छ भने जीवनको सञ्चालन र पालना माटोमा हुन्छ । जल र माटो (पृथ्वी) दुवैको सञ्चालन भने आकाश (सूर्य) नै हो । हाम्रो एक शरीरमा तीन शरीर सञ्चालन भइराखेको हुन्छ । पहिलो हो( माटो अर्थात् स्थूल शरीर ( देखिने), दोस्रो हो( मन (सूक्ष्म शरीर, नदेखिने), तेस्रो हो( कारण शरीर आत्मा (झन् नदेखिने) । यसरी स्थूल, सूक्ष्म र कारण शरीर तीनवटैबाट मात्र हाम्रो जीवन जीवीकोपार्जन भइराखेको हुन्छ । छठको दिन बेलुका चन्द्रमालाई खाना, खीर अर्पण गर्ने चलन पनि छ । यसको समष्टि भन्नु जल, माटो र अग्नि ( ताप) हो । यी सबैको सामूहिक समर्पणभाव प्रकट गर्दै छठपर्वमा माटोको घडासहित जलाशयमा उपस्थित भई फलफूल, मिठाई, पक्वान्नहरू, नरिवल आदि लिई सूर्यदेवलाई खुसी पारिन्छ । बेलुकीपख डुब्न लागेको सूर्यलाई अर्घ्य दिई पानीमा डुबुल्की मार्दै, मनोरञ्जन गर्दै गीत, नृत्य, भजनसहित रातभर जाग्राम बसेर छठ पर्व मनाउने धार्मिक, सांस्कृतिक पर्व विश्वकै लागि एक अनुपम रहेको छ । भोलिपल्ट सप्तमीको सूर्योदय नहुँदै आफ्नो इच्छा सिद्धि होस् भनी वरदान माग्ने पनि चलन छ । भिन्सर अर्थात् बिहानै धूप, दीप, जल, पूजा अर्पण गर्दै सूर्य दर्शन गर्ने गरिन्छ । जीवनको नयाँ उत्साह र ऊर्जा प्राप्ति हेतु नवीनतम रस लिएर हरेक दिन उदाउने सूर्यको दृश्य अन्य दिनहरूमा पनि हेर्न लायक छ र त हामी कहिले भक्तपुरको नगरकोट, कहिले पूर्वको इलाम अन्तुडाँडा, कहिले पश्चिमको डँडेलधुरा डाँडो पुग्ने गर्छौं । त्यहाँ महाभारतको डाँडाबाट सूर्यास्तको समेत दृश्य हेर्दा कसलाई रमाइलो नलाग्ला । मौका मिले समुद्रको एकै भागबाट सूर्योदय र सूर्यास्त हेर्न बङ्गालको खाडी र हिन्द महासागरको संगम भारतको कन्याकुमारीक्षेत्र, स्वामी विवेकानन्द शिलास्थलबाट समेत दृश्यावलोकन गर्न विश्वकै पर्यटकहरूको घुइँचो लाग्ने स्थल पनि कम महत्वको छैन । जीवन आफैँमा यात्रा नै हो, घुमफिर नगरी कसरी बस्न सकिन्छ र ? कारोवार



# व्यापार घाटा ३ खर्ब ५८ अर्ब रुपैयाँ नाघ्यो

काठमाण्डौ । चालु आर्थिक वर्षको तीन महिनामा देशको व्यापार घाटा साढे तीन खर्ब रुपैयाँ नाघेको छ । भन्सार विभागले आज आइतवार सार्वजनिक गरेको गएको असोज मसान्तसम्मको विवरणअनुसार व्यापार घाटा तीन खर्ब ५९ अर्ब १७ करोड ८१ लाख रुपैयाँ बराबर छ ।

यस अवधिमा देशको व्यापार चार खर्ब ४२ अर्ब ८१ करोड ८४ लाख रुपैयाँ बराबर भएको विभागले जनाएको छ । यस्तै निर्यात ४१ अर्ब ८२ करोड रुपैयाँ बराबरको भएको छ ।

आर्थिक वर्ष २०७८/७८ को तुलनामा चालु आवको तीन महिनामा व्यापार १८ दशमलव ५४ प्रतिशतले घटेको छ । गएको आवमा पाँच खर्ब ४३ अर्ब ५७ करोड रुपैयाँ बराबरको व्यापार भएकोमा यस आवको तीन महिनामा चार खर्ब ४२ अर्ब ८१ करोड रुपैयाँ बराबरको व्यापार भएको छ ।

गएको आवमा चार खर्ब ७८ अर्ब ५२ करोड रुपैयाँ बराबरको माल वस्तु आयात भएकोमा चालु आवको तीन महिनामा १६ दशमलव २० प्रतिशतले कमी आइ चार खर्ब ९९ करोड रुपैयाँ बराबरको माल सामान आयात भएको हो । यस्तै गएको आवको तीन महिनामा ६५ अर्ब पाँच करोड रुपैयाँ बराबरको माल वस्तु निर्यात भएकोमा चालु आवको तीन महिनामा ३५ दशमलव ७१ ले ओरालो लागेर ४१ अर्ब ८२ करोड रुपैयाँ बराबरको वस्तु निर्यात भएको हो ।

# नेदरल्याण्ड्समा यसरी भएको छ, यौन व्यवस्थापन

**रोजिता बुद्धाचार्य**

युएनएड्स संस्थाका अनुसार नेपालमा करिब ६७ हजार ३ सय यौनकर्मीहरू यौन व्यवसायमा सक्रिय छन् । अर्को एक अध्ययनका अनुसार काठमाडौंका ठमेल, नयाँ बसपार्क, रत्नपार्क, गौशाला तथा पोखरा, इटहरी, बिर्तामोड, धरान, बुटवल र काँकडभित्ता नेपालका दश प्रमुख स्थान हुन्, जहाँ यौन व्यवसाय सञ्चालित छन् । तर नेपालमा यौनकर्मी हुनु नेपालको संविधान अनुसार अवैध हो । मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी कानून, २०६४ अनुसार यौन व्यवसाय तथा यसबाट अर्थोपार्जन गर्नु कानून विपरित हो । मूलतः नेपाल मानव बेचविखन तथा ओसारपसारको निम्ति स्रोत, ट्रान्जिट तथा केन्द्र हो । त्यसै कारणले यस किसिमको कानून बनाइएको हो । त्यसो भए कानून एकातिर अनि यथार्थ अर्कोतिर कसरी र किन रह्यो ?

### यौन पेशा

यस लेखमा मैले नेदरल्याण्ड्समा देखेको अनुभव राख्न चाहें । अमेरिकी मानवबेचविखन नियन्त्रण तथा अनुगमन विभागले प्रत्येक वर्ष प्रकाशित गर्ने रिपोर्टअनुसार नेदरल्याण्ड्स टायर १ मुलुक हो भने नेपाल टायर २ मुलुक हो । बेचविखनमा परेका उत्पीडितहरूको सुरक्षार्थ अपनाइएका नीति, कार्यक्रम तथा तर्जुमाका आधारमा टायर १ सुरक्षित मुलुक मानिन्छ । त्यसो भए के यहाँ यौनव्यवसाय पूर्ण रूपमा बर्जित हुनुपर्छ ? होइन, यहाँ बाटो( बाटोमा उभिएर वा सार्वजनिक स्थानमा यौन व्यवसाय गर्नु चाहिं कानून विपरित हो । तर, निर्धारित क्षेत्रमा कानूनी दायरमा रही पूर्ण वयस्क व्यक्तिले स्वेच्छाले यौन व्यवसाय गर्नु वा यौनकर्मी हुनु भनेको एक किसिमले पेशा नै हो । डाक्टर, इन्जिनियर, राजनितिज्ञ, सरकारी कर्मचारीजस्ता अन्य व्यवसाय वा पेशाजस्तै समान पेशा हो । न्याय तथा सुरक्षा मन्त्रालयअन्तर्गत पर्ने यस पेशामा संलग्न यौनकर्मीको स्वास्थ्य तथा सुरक्षाको प्रत्याभूति नै नेदरल्याण्ड सरकारको एक प्रमुख एजेण्डा हो ।

### रातो र नीलो बत्ती

एक अध्ययन अनुसार नेदरल्याण्ड्समा करिब २५ हजार यौनकर्मीहरू यौन व्यवसायमा सक्रिय छन्, जसमध्ये ९० प्रतिशत महिला, ५ प्रतिशत पुरुष र ५ प्रतिशत ट्रान्सजेन्डर छन् । यी सबैको कार्यस्थल रेडलाइट एरिया हुन्, जहाकाँ रातो पर्दा लगाइएका घरहरूमा मात्र यिनले कार्य गर्न सक्छन् । सामान्यतयाः राती ११ बजेदेखि बिहान ३ बजेसम्म अफिस आवर हुन्छ । त्यहाँ रातो बत्ती बलेको क्षेत्र महिला यौनव्यवसायी र नीलो बत्ती बलेको क्षेत्र ट्रान्सजेन्डर यौनकर्मीका लागि भन्ने बुझिन्छ । तर रोचक कुरा रेडलाइट एरिया पनि सार्वजनिक स्थान नै भएका कारणले यहाँ पनि बाटोमा वा सार्वजनिक स्थलमा यौन व्यवसाय गर्न पाइँदैन ।

सम्बन्धित यौनकर्मीहरू निर्धारित सिसाको झयालभित्र बसिरहेका हुन्छन्, जसलाई विन्डो प्रोस्टिच्यूशन भनिन्छ । सेवाग्राही वा ग्राहकले झ्यालबाहिरबाट अवलोकन गरी उपयुक्त यौनकर्मीलाई प्रस्ताव गर्न सक्छन् । अझै रोचक कुरा यहाँ ग्राहकको रोजाइभन्दा पनि यौनकर्मीको रोजाइ महत्वपूर्ण हुन्छ । उनले ग्राहकलाई मजाले अस्वीकार गर्न पनि पाउँछिन् । औसतमा १० देखि १५ मिनेट सेवा प्रदान गरेबापत् ५० युरो शुल्क लिन्छन् । तर कति समय र कति शुल्क भन्ने कुरा सेवाग्राही र सम्बन्धित यौनकर्मीबीचको मोलमोलाईमा भरपर्छ । यहाँनेर स्पष्ट हुनुपर्ने कुरा यस व्यवसायमा यौनकर्मीहरू स्वरोजगार हुन् । उनीहरू २१ वर्ष भन्दा माथिका वयसक हुन् । र, उनीहरूले काम गर्ने हरेक घरमालिकले सो प्रयोजनका निम्ति सरकारद्वारा लाइसेन्स प्राप्त गरेका हुन्छन् । यौनकर्मीहरूको फोटो वा भिडियो खिच्न पाइँदैन ।

सबैभन्दा पुरानो र प्रसिद्ध रेडलाइट डिस्ट्रिक्ट राजधानी एम्टरड्याममा अवस्थित डि वालेन हो, जुन यौन पर्यटनका निम्ति अन्तर्राष्ट्रिय गन्तव्य हो । यहाँ क्लब, पब, यौन इतिहास सम्बन्धि संग्रहालय, इरोटिक थियटर हाउस र चर्च पनि आकर्षणँका केन्द्र हुन् । मुख्य शहरको केन्द्रमै रहेको यस क्षेत्रलाई अब भने सहरको अन्य क्षेत्रमा स्थानान्तरण गर्ने भनिएको छ, कारण पर्यटकहरूको अभद्र व्यवहार र फोहोरमैला ।

अन्य पेशामा संलग्न नागरिकहरूले जस्तै यौन व्यवसायमा लागेका यौनकर्मीहरूले पनि सरकारलाई कर बुझाउँछन् । त्यसैले, डच सरकारले उनीहरूको सुरक्षार्थ पुलिस पहरेदार तैनाथ गरेको हुन्छ । हिंसा वा दुर्व्यवहारसम्बन्धि प्राप्त उजुरीको कडाइका साथ छानबिन गरी दोषिलाई कार्बाही गर्छ । यौनकर्मीहरूलाई उनीहरूको अधिकार र कर्तव्यबारे सूसुचित गर्ने तथा पेन्सन र बिमा तथा नियमित स्वास्थ्य जाँचको व्यवस्था पनि गरेको छ । साथै, कोही यौनकर्मीले सो पेशा त्यागी अन्य काम गर्न चाहेको अवस्थामा सरकारले उनीहरूलाई लाइफकोचको व्यवस्था गरेको छ । ती व्यक्तिहरूको नयाँ घर वा नयाँ काम र अफिस खोज्न सहजीकरण गरिन्छ । लिभिङ द लाइफ प्रोग्राम्स डिसेन्टूलाइजेशन ग्रान्टअन्तर्गत १८ ओटा नगरपालिकामा यस्तो व्यवस्था छ ।

त्यति मात्र होइन, हरेक यौनकर्मीले अनिवार्य रूपमा वर्किङ पर्मिट लिनैपर्छ, नभए यौनकर्मी मात्र होइन, उनका सेवाग्राहीले पनि सजाय भोग्नुपर्ने हुन्छ । कानूनले मात्र होइन, सामाजिक व्यवस्थाले पनि ती यौनकर्मीहरूको सम्मान र समान व्यवहार गर्न सिकाउँछ । यदि कुनै यौनकर्मीमाथि दुर्व्यवहार भएमा छरछिमेकका स्थानीय बासिन्दा, क्याफे वा अन्य पसलका व्यवसायीले साक्षीको रूपमा यौनकर्मीको साथ दिन्छन् ।

### प्रसंग नेपालको

मैले नेपालमा भोगेको र यहाँ नेदरल्याण्ड्समा देखेको अनुभवलाई एकै ठाउँमा राख्ने हो भने समस्याको जरा गरिबी हो । तर, अशिक्षा मात्र पनि होइन रहेछ । शिक्षासँगै चेतनाको विस्तार, समस्याको गहन अध्ययन र विश्लेषण र समावेशी सम्भावनाहरूको पहिचान तथा सामाजिक सुव्यवस्था पनि त्यत्तिकै महत्वपूर्ण हुने रहेछ ।

समाजमा दिनानुदिन भइरहेको यथार्थलाई देखे पनि नदेखेझैं गर्नु पनि समाधान होइन रहेछ । कानूनले रोक लगाउने मात्र होइन, अवसर सिर्जना गर्ने र स्वतन्त्र नागरिक भएर बाँच्न सक्ने वातावरण निर्माण गर्न सक्नुपर्ने रहेछ । सबैभन्दा महत्वपूर्ण कुरा यी विषयमा बोल्नु, छलफल गर्नु, भएका भ्रमलाई चिरी यथार्थपरक दृष्टिकोणको विकास गर्नु, बहस गर्नु र रोगी मानसिकताबाट मुक्त हुनु जरुरी छ ।

### विवादित नेपाली कानूनको अर्को प्रसंग

करिब दुई महिना अघिको कुरा हो । अध्यागमन विभागले एक नयाँ नियम प्रस्ताव गर्यो, ४० वर्षभन्दा कम उमेरका महिलाले भिजिट भिसामा विदेश यात्रा गर्नुपरेमा परिवारका सदस्यको मन्जुरीनामा सम्बन्धित वडा कार्यालयबाट सिफारिस गराउनुपर्ने । कारण, मुख्यतयाः ४० वर्षभन्दा मुनिका महिलाहरू बेचविखनको बढी जोखिममा हुन्छन् ।

यस सवालमा मलाई असाध्यै दुःख लागेको दुई वटा कारण, एक नेपालजस्तो संघीय लोकतान्त्रिक गणतान्त्रिक महिला प्रमुख भएको राज्यव्यवस्थामा महिला अझै पनि दोस्रो दर्जाको नागरिक मात्र हो भन्ने दरिद्र मानसिकताको प्रस्तुति । र, दोस्रो ४० बर्ष नै हदम्याद राख्नु भनेको महिलालाई उपभोग्य वस्तुकै रूपमा बुझिनु ।

मेरो बुझाई मुख्य समस्या यही दरिद्र मानसिकता हो । र, यो यस्तो मानसिकता हो कि भलै घरको भित्तामा विद्यावारिधिको उपाधि सजाइएको होस् । वा, दुई चार मानिस सामु महिला अधिकारका ठूल्ठूला दफा उपदफाको २४ घण्टे गफ दिन सक्ने होस् । तर बिहान उठ्ने बेला आमा, श्रीमती, बुहारी वा छोरीले नै चिया पकाउनुपर्ने वा टर्क्याउनुपर्ने चाहे त्यो पुरुष होस् वा महिला ।

जबसम्म हरेक महिला आर्थिक रूपमा आत्मनिर्भर हुँदैनन्, हरेक सरकारी कामकाजदेखि अत्यावश्यक कुरामा आफै बोल्न, लेख्न र निर्णय लिन सक्ने व्यक्तित्व विकास हुँदैनन्, तबसम्म यो रोगी मानसिकता निको हुँदैन । यो रोगी मानसिकताको अर्को एक मुख्य कारण सेक्स एजुकेशनको अभाव वा यससम्बन्धि चेतनाको अभाव हो । तपाई वा मेरो मात्र होइन, यो पृथ्वी सम्पूर्ण ब्रह्माण्डमै एक मात्र जीवित ग्रह हुनुको अर्थ नै पाठेघर हो । तर, हामी त्यही पाठेघरको कुरा गर्न बर्जित ठान्छौं, त्यही पाठेघरको आवाज सुने नि नसुने झैं गर्छौं ।

सायद नेदरल्याण्डले महिलाको त्यही आवाज आत्मसाथ गर्न सक्छ । (लेखक बुद्धाचार्य अध्ययनको सिलसिलामा नेदरल्याण्ड बस्दै आउनुभएको छ ।)

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापमा कस्ले मार्ला चुनावी बाजी

रामेछाप । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको लागि लोकतान्त्रिक बाम गठबन्धन (सत्ता गठबन्धन) र नेकपा एमालेका उम्मेदवारहरुले निर्वाचन जित्नको लागि आ-आफ्नो रणनीति बनाएर अघि बढेका छन् । चुनावी अभियानलाई तीब्रता दिएका गठबन्धन र एमालेका उम्मेदवारहरुले जित्ने आ-आफ्नै दावी प्रस्तुत गर्दै जनतासँग मोट माग्ने अभियानमा जुटेका छन् ।

सत्ता गठबन्धनबाट नेपाली रामेछापका पार्टी सभापति पूर्ण बहादुर तामाङ कान्छाराम यस पटक प्रतिनिधिसभाको उम्मेदवार छन् । गत निर्वाचनमा पनि कांग्रेसबाट उम्मेदवार बनेका कान्छाराम तत्कालिन बाम गठबन्धनसँग थोरै मतले पराजित भएका थिए । गत निर्वाचनमा एक्लै चुनाव लडेको कांग्रेसले यस पटक माओवादीको साथ पाएको छ ।

गत चुनावमा बाम गठबन्धनबाट माओवादीका श्याम कुमार श्रेष्ठ प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए । यस पटक स्थानीय तहको निर्वाचनमा रामेछापमा तेस्रो पार्टी बन्न पुगेको माओवादीले संघ कांग्रेसलाई छोडेर दुई वटा प्रदेशसभा सदस्यमा उम्मेदवारी दिएको छ । विगतमा निर्वाचन जितको स्थानमा आफूहरुले नै पाउनु पर्ने दावी माओवादीले राखेपनि अन्तिम समयमा संघको टिकट कांग्रेसले लिएको थियो । संघको प्रतिस्पर्धा छोडेर माओवादीले रामेछापको प्रदेश क मा संविधानसभा सदस्य तारानारायण श्रेष्ठ र प्रदेश ख मा माओवादीका पोलिटब्यूरो सदस्य युवराज चौलागाईलाई उम्मेदवार बनाएको छ ।

श्रेष्ठ २०६४ सालको संविधानसभा सदस्यमा रामेछापका तत्कालिन १ नम्बर निर्वाचन क्षेत्रबाट प्रत्यक्षतर्फ निर्वाचित भएका थिए । उनी हाल माओवादी जिल्ला समन्वय समिति रामेछापको सचिवको जिम्मेवारीमा छन् । यस पटक श्रेष्ठलाई निर्वाचन जित्नका लागि कांग्रेसकै मत निर्णायक हुने देखिएको छ । स्थानीय तहको मतको तुलना गर्दा प्रदेश क मा माओवादी तेस्रो नम्बरमा रहेको छ । स्थानीय तहमा पहिलो शक्ति बनेको कांग्रेसको भोट नै श्रेष्ठले चुनाव जित्ने आधार हो ।

त्यसैगरी पहिलो पटक प्रदेश सभा सदस्यको लागि उम्मेदवारी दिएका युवराज चौलागाई युवा नेता हुन् । गत प्रतिनिधिसभा निर्वाचनमा उनले उम्मेदवार दावी गरेपनि अन्तिम समयमा आएर टिकट पाएका थिएनन् । यस पटक पनि उनले प्रतिनिधिसभा सदस्यको लागि रामेछापबाट उम्मेदवारी तयारी गरेका थिए । तर संघ कांग्रेसको भागमा परेपनि यस पटक उनले रामेछाप प्रदेश ख बाट उम्मेदवारी दिएका हुन् । प्रदेश ख मा सुनापति गाउँपालिका र दोरम्बा शैलुङ माओवादीले जितेको छ । यी दुई गाउँपालिकाबाट आउने भोटलाई नै उनले जितको आधार बनाएका छन् । चौलागाई चुनाव जित्न  कांग्रेसको मत नै निर्णायक मानिएको छ । विगतमा माओवादी एक्लैले चुनाव जित्ते आधार रहे पनि पछिल्लो समय माओवादीको सांगठानिक अवस्था एक्लै चुनाव जित्न नसक्ने बनेको छ । सबै भन्दा बढी मतदाता रहेको मन्थली नगरपालिका माओवादी तेस्रो शक्ति हो । खाँडादेवी गाउँपालिकामा भने एमालेको वर्चश्व रहेको छ । गठबन्धन रहेको रहेको कारण कांग्रेसले इमान्दार भएर मत दिएको अवस्थामा सहजै निर्वाचित जित्ने आकंलन माओवादीले गरेको छ ।

जिल्ला निर्वाचन कार्यालय रामेछापका अनुसार हाल रामेछापको आठ वटा स्थानीय तह र ६४ वटा वडामा गरी १ लाख ८३ हजार मतदाता रहेका छन् । जस मध्य एक लाख ५ हजारको आसपासमा मत खस्ने अनुमान गरिएको छ । स्थानीय तहको तुलनामा मंसिर ४ मा हुने निर्वाचनमा कम मत खस्ने पूर्व अनुमान गरिएको छ ।

यस पटक रामेछापको संघतर्फ एमाले रामेछापका जिल्ला इन्चार्ज कैलाश ढुंगेलले उम्मेदवारी दिएका थिए । विगत लामा समयदेखि निर्वाचत लडदै आएका ढुंगेल गत निर्वाचनमा बाम गठबन्धनबा प्रदेश ख बाट निर्वाचित भएका थिए । बागमती प्रदेशको सांसद बनेका ढंगेलले लामै समय प्रदेशका अर्थ मन्त्रीको रुपमा काम समेत गरे । उनले विगत लामो समयदेखि राजनीति गर्दै आएको प्रदेशको अर्थमन्त्री हुँदा रामेछापको विकासमा उल्लेखनिय काम गरेको विषयलाई चुनाव जित्ने आधार बनाएका छन् । उनले पार्टीको सांगठानिक अवस्था बलियो भएको र गठबन्धनभित्रको असन्तुष्टिलाई आफ्नो पक्षमा पारेर निर्वाचन जित्ने रणनीति बनाएका छन् ।

एमालेबाट प्रदेश क का लागि उम्मेदवारी दिएका शान्ति पौडेल निवर्तमान प्रदेश सांसद हुन् । उनी पनि गत निर्वाचनमा बाम गठबन्धनबाट निर्वाचित भएका थिए । यस पटक भने कांग्रेस र माओवादीबीच बनेको गठबन्धनसँग चुनावमा प्रतिस्पर्धा गर्दैछन् । बागमती प्रदेशका पूर्व पर्यटन मन्त्री समेत बनेका पौडेलले आफूले अहिलेसम्म रामेछापवासीको सेवा गरेको र पार्टीको सांगठानिक अवस्थाको साथै जनताको साथ रहेको विषयलाई चुनाव जित्ने आधार बनाएका छन् । एमालेबाट प्रदेश सभा ख का उम्मेदवार बनेका मिलन कुमार घिसिङ नयाँ अनुहार हुन् । उनी नेकपा एमाले जिल्ला कमिटीको सदस्यको रुपमा २०६८ सालदेखि हालसम्म काम गर्दै आएका छन् । लामो समयदेखि जिल्लामा सामुदायिक विकास समाजको नेतृत्व गर्नेदेखि लिएर विभिन्न संघ सस्था र दुई पटक गैर सरकारी महासंघको केन्द्रीय सदस्य भएर काम गरेका घिसिङले पार्टीको संगठन र विगतमा आफूले गरेको कामको आधारमा चुनाव जित्न सकिने बताउदै आएका छन् ।

त्यस्तै  ५ स्वतन्त्र उम्मेदवार छन् । १.आङछोङवा शेर्पा-स्वतन्त्र

२.कृष्ण बहादुर भुजेल-स्वतन्त्र, ३.चन्द्र बहादुर राउत-स्वतन्त्र, ४.विक्रम राना मगर -स्वतन्त्र र ५.राम कुमार लामा-स्वतन्त्र रहेका छन् । त्यस्तै अन्य दलहरुबाट  जितेन कुमार श्रेष्ठ-राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, धरम बहादुर तामाङ- नागरिक उन्मुक्ति पार्टी, केदार खड्का-नेपाली कांग्रेस(बी.पी), बाबुराम तामाङ-नेपाली जनता दल, भक्त बहादुर थापा मगर-मंगोल नेशनल अर्गनाइजेशन,  मोहन कार्की-नेकपा(माले), रमेश महते- नेकपा(माओवादी समाजवादी), रुद्र बहादुर पुलामी मगर-राष्ट्रिय समाजवादी पार्टी नेपाल, लाल बहादुर घिसिङ-राष्ट्रिय प्रजातन्त्र पार्टी, विष्णु प्रसाद काफ्ले- जनसमाजवादी पार्टी नेपाल, समिक्षा श्रेष्ठ-राष्ट्रिय स्वतन्त्र पार्टी, साङगे शेर्पा-संघीय लोकतान्त्रिक राष्ट्रिय मन्च, सुवास घिसिङ-नेश्नलिष्ट पिपल्स पार्टी र हरि कृष्ण श्रेष्ठ-नेपाल मजदुर  किसान पार्टी रहेका छन् ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक



# शाइन रेसुंगा डेभलपमेन्ट बैंकको नाफा ४१.९२%ले बढ्यो

शाइन रेसुंगा डेभलपमेन्ट बैंक लिमिटेडले चालु आर्थिक वर्षको पहिलो त्रैमासको वित्तीय विवरण सार्वजनिक गरेको छ। बैंकले समीक्षा अवधिमा २० करोड ९१ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको छ। जुन अघिल्लो वर्षको यही अवधिको तुलनामा ४१.९२ प्रतिशतले बढी हो। अघिल्लो वर्ष यही अवधिमा बैंकले १४ करोड ७३ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको थियो ।

बैंकको वितरणयोग्य मुनाफा १ करोड २३ रुपैयाँ रहेको छ। अघिल्लो वर्ष यस्तो मुनाफा ४३ करोड २८ लाख रुपैयाँमा सीमित थियो। यो त्रैमासमा बैंकले सञ्चालन




मुनाफाबापत २९ करोड ८७ लाख रुपैयाँ आर्जन गरेको छ। अघिल्लो वर्ष यस्तो मुनाफा २१ करोड ५ रुपैयाँ रहेको थियो। समीक्षा अवधिमा सञ्चालन मुनाफा ४१.९२ प्रतिशतले बढेको छ ।

समीक्षा अवधिमा बैंकले ५० करोड २९ लाख रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ। अघिल्लो वर्ष यस्तो आम्दानी ३७ करोड ९७ लाख रुपैयाँमा सीमित थियो। यो हिसाबले खुद ब्याज आम्दानी ३२.४५ प्रतिशतले बढेको छ ।

पहिलो त्रैमासमा बैंकले ४५ अर्ब ५७ करोड रुपैयाँ निक्षेप संकलन गरी ३७ अर्ब ३८ करोड रुपैयाँ कर्जा लगानी गरेको छ। अघिल्लो वर्ष यही अवधिमा बैंकले ४३ अर्ब २७ करोड रुपैयाँ निक्षेप संकलन गरी ३४ अर्ब ४९ करोड रुपैयाँ कर्जा लगानी गरेको थियो। चुक्तापुंजी ३ अर्ब ७८ करोड रुपैयाँ रहेको बैंकको रिजर्भको आकार १६.५२ प्रतिशतले बढेर १ अर्ब २८ करोड रुपैयाँको भएको छ। अघिल्लो वर्ष १ अर्ब १० करोड रुपैयाँ रहेको थियो ।

बैंकको खराब कर्जाको अनुपात (एनपीएल) बढेर १.०९ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष एनपीएल १.०१ प्रतिशतमा सीमित थियो। सीडी रेसियो ८५.६१ प्रतिशत रहेको बैंकको आधारदर १२.४४ प्रतिशत छ ।

बैंकको वार्षिकीकरण प्रतिसेयर आम्दानी (ईपीएस) बढेर २२.१२ रुपैयाँमा झरेको छ। अघिल्लो वर्ष ईपीएस १७.२९ रुपैयाँ रहेको थियो। पीई रेसयो १२.७२ गुणा रहेको बैंकको प्रतिसेयर नेटवर्थ १४८.०५ रुपैयाँ रहेको छ ।

# ग्लोबल आइएमई बैंकले १३.६ प्रतिशत लाभांश दिने

ग्लोबल आइएमई बैंकले आर्थिक वर्ष २०७८/७९ मा आफ्ना शेयरधनीलाई १३.६ प्रतिशत लाभांश दिने निर्णय गरेको छ ।

बैंक संचालक समितिको आइतबार बसेको बैठकले नेपाल राष्ट्र बैंक तथा




बैंकको आगामी वार्षिक साधारणसभाबाट स्वीकृति पश्चात वितरण गर्ने गरी आर्थिक वर्ष २०७८/७९ को वितरण योग्य मुनाफाबाट आफ्ना शेयरधनीलाई १३.६ प्रतिशत लाभांश (बोनश शेयर ३ प्रतिशत र नगद लाभांश १०.६ प्रतिशत) नियमानूसार लाग्ने करसहित वितरण गर्ने प्रस्ताव गरेको छ । बैंकको चुक्ता पूँजी २३ अर्ब ७९ करोड रुपैँयाको ३ प्रतिशतले हुन आउने करिब ७१ करोड ३८ लाख रुपैँया बराबरको बोनश शेयर र १०.६ प्रतिशतले हुन आउने करिब २ अर्ब ५२ करोड २३ लाख रुपैँया बराबरको नगद लाभाशं शेयरधनीहरुलाई वितरण गर्ने भएको छ ।

ग्लोबल आइएमई बैंकले आर्थिक वर्ष २०७८/७९ मा ४ अर्ब ९६ करोड रुपैयाँ खुद मुनाफा आर्जन गरेको छ । ३ प्रतिशत बोनश शेयर वितरण पश्चात बैंकको चुक्ता पुँजी २४ अर्ब ५० करोड रुपैयाँ पुग्ने छ । कूल २८९ अर्ब निक्षेप तथा रु. २७४ अर्ब कर्जा लगानी रहेको बैंकको मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

बैंकले २९० शाखा, २७३ एटिएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ५१ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ८९० भन्दा बढी सेवा केन्द्रबाट ३० लाखभन्दा बढी ग्राहकहरूलाई सेवा प्रदान गरिरहेको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुबेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आइरहेको छ ।

# कुमारी बैंकको विशेष योजनाः मुद्दती खाता खोल्दा निःशुल्क जीवन बीमा

कुमारी बैंकले जीवन बीमा सुविधासहितको कुमारी जीवन बीमा मुद्दती निक्षेप योजना सार्वजनिक गरेको छ। सो योजना अन्तर्गत बैंकले मुद्दती रकम बराबरको आवधिक जीवन बिमा सुविधा निःशुल्क प्रदान गर्नेछ। यस योजना अन्तर्गत ग्राहकहरुले मुद्दती रकमको २ देखि १० गुणा वृद्धि गर्नुका साथै जीवन




बीमा मार्फत जोखिम व्यवस्थापन गर्ने अवसर प्राप्त गर्नसक्नेछन् ।

यस योजनामा १८ देखि ५० वर्ष उमेर समूहका ग्राहकले न्युतम ५० हजार देखिको मुद्दती खाता खोल्न सक्नेछन्। सो योजना अन्तर्गत मुद्दती निक्षेपकर्ताले अधिकतम एक करोड रुपैयाँसम्मको जीवन बीमा सुबिधा प्राप्त गर्न सक्नेछन् ।

ग्राहकहरुले निक्षेप अवधि सम्मका लागि जीवन बीमा सुरक्षण प्राप्त गर्नका साथै सोही अवधिमा मुद्दती रकममा दुई देखि १० गुणासम्म प्राप्त गर्न सक्नेछन्। यस योजनाको बीमा प्रदायक कम्पनी महालक्ष्मी लाइफ इन्सुरेन्स कम्पनी रहेको छ ।

मुद्दती निक्षेप तथा जीवन बीमा दुवै सुरक्षित आर्थिक भविष्यको महत्वपूर्ण साधनका रुपमा मानिदै आएका छन् । कुमारी बैंकले पहिलो पटक यी दुई महत्वपूर्ण साधनहरुलाई एउटै योजनामा आवद्ध गरी आफ्ना ग्राहकहरु माझ प्रस्तुत गरेको छ ।

# सिटिजन्स बैंकको मेसिनमार्फत क्यास डिपोजिट सेवा सुरू

सिटिजन्स बैंक इन्टरनेसनलले आफ्ना सेवाहरू डिजिटलाइज गर्ने क्रममा मानव सहायताबिनै सोझै मेसिनबाट क्यास डिपोजिट गर्न सकिने सेवाको सुरूवात गरेको छ । यस नवीनतम सेवामार्फत् अब ग्राहकले कुनै भौतिक फारम बिनानै सहज रूपमा यस बैंकमा रहेको आफ्नो वा अन्यको सक्रिय बैंक खातामा केबल खाता नम्बरको आधारमा नगद रकम जम्मा गर्न सक्नेछन् । यस सेवा अन्तर्गत



ग्राहकले क्यास डिपोजिट मेसिनबाट एक हजार र पाँच सय रुपैयाँ दरका नोटहरू मात्र जम्मा गर्न मिल्ने व्यवस्था रहेको छ । सो सेवाबाट ग्राहकले शाखामा पुगेर लाइनमा बसी फारम भरी नगद जम्मा गर्ने झन्झटबाट मुक्त हुने भन्ने विश्वास लिएको बैंकले जनाएको छ । बैंकले यो सेवा हालको लागि आफ्नो दरवारमार्ग शाखा नारायणहिटी पथ, काठमाडौंमा सञ्चालन गरेको र यस सेवालाई निकट भविष्यमा देशका अन्य शाखाहरूमा समेत विस्तार गर्ने योजना बनाएको बताएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेले आधुनिक बैंकिङको प्रमुख अंगको रुपमा रहेको डिजिटल बैंकिङलाई सिटिजन्स बैंकले अत्यन्त प्रभावकारी ढंगले अगाडि बढाएको र शसक्त ढंगले ग्राहकमैत्री सेवा अझ सहज, सुरक्षित, सर्वसुलभ, र विश्वास योग्य बनाइएको बताएको छ । बैंकले देशैभरी फैलिएका आफ्ना १८० वटा शाखा, १३३ वटा एटीएम र ९६ वटा शाखारहित बैंकिङ इकाइहरूबाट करिब १४ लाख ७८ हजार ग्राहकलाई आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

# सिद्धार्थ क्यापिटलको सचेतना कार्यक्रम

सिद्धार्थ क्यापिटलले चितवनको भरतपुरमा एक दिने धितोपत्र बजार र लगानी सम्बन्धी अन्तरक्रिया सञ्चालन गरेको छ । विश्व लगानीकर्ता सप्ताह अन्तर्गत क्यापिटलले भरतपुरस्थित इन्द्रेणी कले धितोपत्र बजार सम्बन्धि लगानिकर्ता सचेतना तथा अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरेको छ। कार्यक्रममा नेपाल धितोपत्र बोर्डका सहायक निर्देशक दिपेश चौलागाई र भुवन देशार तथा सिद्धार्थ क्यापिटलका मुक्तिनाथ सुवेदी, निरजन कार्की र नमिता कट्टेलले विभिन्न विषयमा जानकारी गराएका थिए । विद्यार्थीहरूलाई धितोपत्र बजारका आधारभूत पक्षहरू र नेपालको धितोपत्र बजारमा लगानी गर्ने प्रक्रियाबारे जानकारी गराउने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा सयजना भन्दा बढी विद्यार्थी सहभागी थिए ।

## अर्थ संसार

# सानिमा थ्री इन वान खातामा सी-आस्वा र मेरो सेयर सुविधा थप

सानिमा बैंकले आफ्ना ग्राहकलाई सेयर कारोबार प्रक्रियामा थप सहजता र सरलता प्रदान गर्न थ्री इन वान खाताको प्रणाली परिष्कृत गरेको छ । ग्राहकको सुविधालाई मध्यनजर गर्दै थ्री इन वान खाताको अनलाइन फारम भर्दा बैंक खाता, डिम्याट खाता र ट्रेडिङ खाताका साथै सीआस्वा र मेरो सेयरको आवेदन पनि दिन सक्नेछन् । साथै, थ्री इन वान पोर्टलको ड्यासबोर्डमा बैंकले सहज र सरल प्रक्रियाका लागि विभिन्न जानकारी लिन मिल्ने व्यवस्था गरेको छ । यो खाता खोल्न ग्राहकले घरमै बसी सानिमा बैंकको वेबसाइटमार्फत आवेदन दिन सकिनेछ । खाता भइसकेका ग्राहकले समेत यसबाट सि-आस्वा तथा मेरो सेयरको सुबिधा लिन सकिनेछ । सानिमा क्यापिटल र सानिमा बैंकले संयुक्त रुपमा सञ्चालनमा ल्याएको यस खातामा ग्राहकले अनलाइन मार्फत दोस्रो बजारबाट सेयर खरिद र बिक्री गर्न सकिनेछ । यो खाता खोल्नका लागि सानिमा बैंकका नयाँ तथा पुराना ग्राहकले बैंकको वेबसाइटबाट थ्री इन वान वकाउन्ट मा क्लिक गरी आवश्यक विवरण भरी आवेदन दिनुपर्नेछ । आईपीओमार्फत सेयर खरिद गरेका ग्राहकहरु समेत केही प्रकृयाहरु पूरा गरी सहभागी हुन सक्ने बैंकले जनाएको छ । सानिमा बैंकले लाभांश घोषणा गरेको छ । ४ कात्तिक शुक्रबार बसेको बैंक सञ्चालक समितिको बैंठकले आर्थिक वर्ष २०७८/७९ को मुनाफाबाट सेयरधनीलाई वितरण गर्ने लाभांश प्रस्ताव गरेको हो । बैंकले सेयरधनीलाई हाल कायम चुक्ता पूँजी ११ अर्ब ३२ करोड ७३ लाख ७७ हजार ३२६ रुपैयाँको १० प्रतिशत बोनस सेयर प्रस्ताव गरेको छ । यस्तै लाभांशमा लाग्ने कर प्रयाजनार्थ समेत ०.९८ प्रतिशत नगद लाभांश गरी बैंकले कुल १०.९८ प्रतिशत लाभांश प्रस्ताव गरेको छ । बैंकको प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृत र बैंकको आगामी वार्षिक साधारणसभाबाट पारित भएपछि सेयरधनीमा वितरण हुनेछ ।

# एसबिआई बैंकको तीन महिनाको नाफा ६२ करोड

काठमाडौं । नेपाल एसबिआई बैंकले चालू आवको पहिलो त्रैमासिक वित्तीय विवरण सार्वजनिक गरेको छ । उक्त वित्तीय विवरण अनुसार कम्पनीको खुद नाफा गत आवको पहिलो त्रैमासको तुलनामा चालू आवको सोही अवधिमा ६८ प्रतिशत वृद्धि भएको हो । कम्पनीले गत आवको पहिलो त्रैमासमा रू. ३७ करोड २९ लाख नाफा कमाएकोमा चालू आवमा बढेर रू.६२ करोड ७३ लाख पुगेको हो । चालू आवमा कम्पनीको सञ्चालन नाफा र खुद ब्याज आम्दानीमा वृद्धि भएसँगै नाफा बढेको हो । गत आवमा कम्पनीको सञ्चालन नाफा रू.५३ करोड १९ लाख रहेकोमा चालू आवमा बढेर रू.८९ करोड ३४ लाख पुगको छ । त्यसैगरी कम्पनीले गत आवमा रू.८४ करोड ५४ लाख खुद ब्याज आम्दानी गरेकोमा चालू आवमा बढेर रू.१ अर्ब २९ करोड पुगेको हो । त्यसैगरी कम्पनीको नाफामा वृद्धि भएसँगै प्रतिशेयर आम्दानी पनि वृद्धि भएको छ । गत आवमा प्रतिशेयर आम्दानी रू.१५ दशमलव १८ रहेकोमा चालू आवमा बढेर रू.२५ दशमलव ५४ पुगेको छ । चालू आवमा कम्पनीको वितरणयोग्य नाफा रू.१ अर्ब ६३ करोड रहेको छ । सो अवधिमा कम्पनीको मूल्य आम्दानी अनुपात १० दशमलव ६९ गुणा,तरलता अनुपात २५ दशमलव ६१ प्रतिशत र प्रतिशेयर नेटवर्थ रू.१७९ दशमलव ५९ रहेको छ । कम्पनीको चुक्तापूँजी रू. ९ अर्ब ८२ करोड रहेको छ । चालू आवमा कम्पनीले जगेडामा रू.६ अर्ब १८ करोड र रिटेण्ड अर्निङमा रू.१ अर्ब ६३ करोड सञ्चित गरेको हो ।

# स्ट्याण्डर्ड चार्टर्ड बैंकको नाफा ८१ करोड माथी

काठमाडौं । स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेडले चालू आवको पहिलो त्रैमासिक वित्तीय विवरण सार्वजनिक गरेको छ । उक्त वित्तीय विवरण अनुसार कम्पनीको खुद नाफा गत आवको पहिलो त्रैमासको तुलनामा चालू आवको सोही अवधिमा ६८ प्रतिशत वृद्धि भएको छ । कम्पनीले गत आवको पहिलो त्रैमासमा रू.४८ करोड १८ लाख नाफा कमाएकोमा चालू आवमा बढेर रू. ८१ करोड १३ लाख पुगेको छ । चालू आवमा कम्पनीको खुद ब्याज आम्दानी र सञ्चालन नाफामा वृद्धि भएकाले नाफा बढ्न टेवा पुगेको हो । गत आवको तुलनामा चालू आवमा कम्पनीको खुद ब्याज आम्दानी ६२ प्रतिशत र सञ्चालन नाफा ६९ प्रतिशत वृद्धि भएको छ । त्यसैगरी कम्पनीको नाफामा वृद्धि भएसँगै प्रतिशेयर आम्दानी पनि वृद्धि भएको छ । गत आवमा कम्पनीको प्रतिशेयर आम्दानी रू.२२ दशमलव ४८ रहेकोमा चालू आवमा बढेर रू. ३४ दशमलव ४२ पुगेको हो । कम्पनीको चुक्तापूँजी रू. ९ अर्ब ४२ करोड रहेको छ । चालू आवको पहिलो त्रैमाससम्ममा कम्पनीले जगेडामा रू. ६ अर्ब ५४ करोड र रिटेण्ड अर्निङमा रू. ३ अर्बभन्दा बढी सञ्चित गरेको छ । सो अवधिमा कम्पनीको वितरणयोग्य नाफा रू. ४८ करोड ५५ लाख रहेको छ ।

# चुनाव प्रचार गर्न जाँदा फलानो नराम्रो म राम्रो भन्न पाइँदैन

रामप्रसाद भण्डारी

निर्वाचन आयोगले राजनीतिक दलहरुसँग छलफल र सहमति समेतको आधारमा आचारसंहिता जारी गरेको हो । चुनावको समयमा आचारसंहिता पूर्णरुपमा पालना गर्छु भनेर हस्ताक्षर गरिसकेपछि अहिले आचारसंहिता थाहा थिएन, जानकारी थिएन भनेर कसैले भन्न पाइँदैन । आचारसंहिता कार्यान्वयन भइरहेको छ । आचारसंहिता विभिन्न ठाउँमा उल्लङ्घन भइरहेको भन्ने हामीलाई जानकारी छ, खबर छ, रिपोर्ट छ । हाम्रै सूचना केन्द्रले पनि हामीलाई सूचना गरिरहेका छन् । र, त्यो ठाउँमा आचारसंहिता वास्तवमा उल्लङ्घन भएको हो कि होइन भनेर हामीले मसिनोसँग अनुसन्धान गरेर छानबिन गरिरहेका छौँ । र, त्यो छानबिनको क्रममा यस्ता उजुरीहरु पनि हामीले भेटेका छौँ कि कसैलाई कसैको विरुद्ध रिस उठ्यो भने त्यसले आचारसंहिता उल्लङ्घन गर्यो भनेर झुठा प्रमाण पनि दिएको हुन्छ । त्यसो भएको हुनाले उजुरी सत्यतामा आधारित हुनुपर्छ । सत्य, तथ्यले के भन्छ र त्यसको प्रमाणले के बोल्छ, वस्तुनिष्ठ तवरबाट आचारसंहिता उल्लङ्घन भएको हो वा होइन भन्ने कुरा आयोगले अनुसन्धान गरिरहेको छ ।

आचारसंहिताको कुरा गर्दा हामीले दुई किसिमले हेर्नुपर्छ । जान्दाजान्दै आयोगलाई नटेरेको हो कि भनेर अहिले नै परिभाषा गर्न मिल्दैन । किनभने जो मान्छे चुनावमा सरिक हुनुहुन्छ, चुनावमा सरिक हुने, सम्बद्ध हुने उम्मेदवारहरु र समर्थन गर्ने मतदाता लगायत अगुवा कार्यकर्ता जति हुनुहुन्छ निर्वाचन आयोगले के गरिरहेको छ अथवा चुनावको प्रक्रियामा सहभागी हुँदा के कस्तो आचरण परिपालन गर्नुपर्छ भन्ने कुरा सबैलाई पूर्ण जानकारी हुन्छ । पूर्ण जानकारी भएर मात्र उहाँहरु चुनावमा आउनुहुन्छ । त्यसकारण उहाँहरुले जान्नु भएको छैन, अध्ययन गर्नु भएको छैन भन्ने होइन । सबैले अध्ययन गर्नु भएको छ । तर, अध्ययन गर्दागर्दै पनि कति ठाउँमा उहाँहरुले आचारसंहिता उल्लङ्घन गरेको हो भन्ने कुराको हामीलाई उजुरी परेको छ । अब हो होइन भन्ने कुरा चाहिँ कतिपयले यतिसम्म मिच्दा हुन्छ नि त भन्ने सोच राखेर गर्नु भएको पनि हुनसक्छ । त्यो हो भने उहाँहरुको भुल हो । किनकि ऐनलाई, कानुनलाई, संविधानलाई मिच्न पाइँदैन । ऐन, नियम, कानुन र संविधान तथा आचारसंहिताको लक्ष्मण रेखाभित्र रहेर सबैले त्यसलाई परिपालना गरेर अघि बढ्नुपर्छ । यदि कसैले आचारसंहिता उल्लङ्घन गरेको छ, कानुनको परिपालनाभन्दा बाहिर निस्केर म मान्दिनँ भन्छ भने पक्कै पनि उहाँहरु कानुनको दायरामा आउनुपर्ने हुन्छ । कानुनको दायराभित्र उहाँहरुलाई कानुनले ल्याउँछ । आयोगले ल्याउने होइन कि कानुनले ल्याउँछ । किनकि विधायिकाले जे सोच राखेर ऐन बनायो त्यो ऐनलाई कार्यान्वयन गर्ने आयोगको दायित्व हो । कार्यान्वयन गर्ने सन्दर्भमा कहीँ कमी कमजोरी हुन दिँदैनौँ भन्नेमा आयोग प्रतिबद्ध रहेका जानकारी गराउँछु । सबै जिल्लाहरुमा नै मुख्य निर्वाचन अधिकृतहरु हुनुहुन्छ । उहाँहरुको संयोजकत्वमा त्यहाँ एउटा समिति छ । त्यसको अतिरिक्त केन्द्रीय स्तरमा हामीले पनि गरिरहेका छौँ । हाम्रो केन्द्रीय स्तरमा विभिन्न युनिटहरु छन् । कतिपय गोप्यताका कारण अहिले मैले सबै व्याख्या गरिन् । हाम्रो युनिटहरु चौबीसै घण्टा खटिरहेका छन् । र, देशभर अनुसन्धान गरिरहेका छन् । कसैले पनि अनुसन्धान भएको छैन, आयोगलाई सूचना छैन, आयोगलाई जानकारी छैन त्यसकारण यहाँनेर आचारसंहिता उल्लङ्घन गर्छु भनेर उल्लङ्घन भयो भने देशको कुनै पनि कुनाकाप्चाबाट क्षणभरमा उजुरी आउँछ । हामीले स्पष्टीकरण सोध्छौँ । हो कि होइन भने हेर्छौं, अध्ययन, अनुसन्धान गर्छौं र अनि मात्र हामी निचोडमा पुग्छौँ । अन्यत्रबाट उजुरी नआए पनि आयोगले सुक्ष्म ढङ्गले अध्ययन गरिरहेको छ । यसमा कतिपय दृष्यमा आउने अनुसन्धान हुन्छ भने कतिपय दृष्यमा नआउने तर आयोगले स्पष्ट रुपमा अनुसन्धान गरिरहेको विषय पनि छ । त्यसकारण हामीले सुक्ष्म अनुगमनबाट आएको उजुरी र त्यहाँबाट आएको प्रतिवेदनको आधारमा पनि हामीले छानबिन गरिरहेका छौँ । त्यसका अतिरिक्त हाम्रो विभिन्न समिति, उपसमितिहरुले टड्कारो रुपमा छानबिन गरिरहनु भएको छ । र, कहीँ आचारसंहिता उल्लङ्घन भएको छ भने उहाँहरुले पाएको क्षेत्राधिकार भित्र रहेर त्यहीँ कारबाही गर्नुहुन्छ । यदि उहाँले त्यसरी कारबाही गर्नु भएन भने विस्तृत प्रतिवेदनसहित आयोगमा पठाउनुहुन्छ र आयोगले तत्क्षण नै कारबाही गर्छ ।

सीमा र अनुशासन भित्र रहेर दौडिनुहोस्

चुनावमा होमिइसकेपछि जसले पनि चुनाव जित्नका लागि केही न केही आचारसंहिता उल्लङ्घन गर्न खोजेको देखिन्छ । तर, तुलनात्मक रुपमा तपाईंले कसरी हेर्नुपर्यो भने २०६४, ०७० र ०७४ को यस अगाडिका चुनावमा जे जस्ता आचारसंहिता उल्लङ्घन भएका घटना हुन्थे त्योभन्दा धेरै कम गएको स्थानीय चुनावमा भयो । स्थानीय चुनावको समीक्षा गर्दा आयोगलाई आएको रिपोर्ट के हो भने गएको चुनावमाभन्दा अहिले अनुगमन पनि राम्रो भयो । आचारसंहिता पनि पूरा परिपालना भएको छ । कुनै घटना, दुर्घटना पनि भएन । फाट्टफुट्ट दुर्घटना स्वाभाविक हो । त्यसलाई हामीले अन्यथा भन्दैनौँ । गएको चुनावमा भाग नलिने, संविधान नमान्ने, कानुन नमान्ने लगायतका विभिन्न दलहरु पनि थिए । र, उनीहरु कानुनको दायरामा आउन चाहँदैनथे । तर, अहिलेको चुनावमा हामी नेपालीको लागि सौभाग्य भन्नुपर्छ यो संविधान, कानुन मान्दिन, दलीय प्रतिस्पर्धामा भाग लिन्न भन्ने तत्वहरु हामीले देखेका छैनौँ । यो स्वर्ण पक्ष हो । यसको अतिरिक्त प्रतिस्पर्धामा जाँदा दौडिएर अगाडि पुग्छु भन्नु स्वाभाविक होला । तर, राजनीतिक दौडमा पनि के हुनुपर्यो भने निश्चित सीमा हुन्छ । त्यो सीमा र अनुशासन भित्र रहेर दौडिनुस् भन्ने मात्र आयोगको आग्रह हो ।

आयोगले पहिलेदेखि चुनाव प्रचार गर्न जाँदा फलानो नराम्रो म राम्रो भन्न पाइँदैन । फलानोलाई मत नदिनुस् मलाई दिनुहोस् भन्न पाइयो । यसको अर्थ के हो भने आफ्नो नीति तथा कार्यक्रम रहेको घोषणापत्र लिएर जानुपर्यो । अरुको भन्दा मेरो घोषणापत्र राम्रो छ, उत्कृष्ट छ भनेर नागरिकलाई चिनाउनु पर्यो, देखाउनु पर्यो, बुझाउनु पर्यो । साँच्चिकै जनताको सेवा गर्छु भन्ने प्रतिबद्धता व्यक्त गर्नु पर्यो । त्यसको अतिरिक्त अहिले हुने चुनाव भनेको देशको नीति निर्माण गर्ने प्रयोजनको लागि उपल्लो स्तरमा जाने र देश सञ्चालन गर्ने तथा त्यस भित्रको सम्पूर्ण जिम्मा लिएर उत्कृष्ट देश बनाउँछु भन्ने सोच राख्ने व्यक्तित्वहरु प्रतिस्पर्धामा हुनुहुन्छ । यस्तो प्रतिस्पर्धा गर्नुहुने व्यक्तित्वहरुले चुनावमा प्रतिस्पर्धा गर्दा कानुन मान्दिनँ, चिन्दिनँ, जान्दिनँ त्यसकारण मैले जित्नुपर्छ नजिताइ हुँदैन भनेर मतदातालाई जबरजस्ती गर्न पाउनुहुन्न । किनकि सँगै अर्को पनि प्रतिस्पर्धी छ । सँगै अर्को दल पनि छ । स्वतन्त्र उम्मेदवारहरु पनि हुनुहुन्छ । अब त्यहाँ मतदाताहरुलाई प्रतिबद्धता व्यक्त गर्दा म राम्रो अरु नराम्रो भन्न पाइँदैन । म राम्रो छु भनेर जानुपर्यो । घोषणापत्र लिएर जानुपर्यो ।

आचारसंहिताको कुरा गर्दा कुन कुन विषयहरु कानुनले निषेध गरेको छ त्यो नगर्नुस्, झुटो वा भ्रम सिर्जना गरेर नागरिकलाई आश्वासन बाँडेर मतमा प्रभावित नबनाउनुस् । एउटा उम्मेदवारले यो चिज दिन्छु भनेर जाँदा अर्को प्रतिस्पर्धीले त्यो भन्दा ठूलो कुरो लिएर जाला । जनतालाई भ्रम पर्ने, चुनावलाई प्रतिकूल असर पर्ने र तत्क्षण भ्रम सिर्जना गरेर मत प्राप्त गर्ने अनि मत प्राप्त गरिसकेपछि त्यो विषयमा वास्तै नगर्ने काम नगरिदिनुस् । आयोगले तयार गरेको नेतृत्वहरुको समर्थनमा जारी गरेको आचारसंहिता अनुशासन हो । अनुशासनको परिधि हो ।

अनुशासनको परिधिभित्र बसेर जानुभयो भने उहाँले दिन सक्नुहुन्छ वा कुनै उम्मेदवारहरुले केही कुरा दिएर जान सक्नुहुन्छ र दिनसक्ने हैसियत छ भने अनि त्यो कुरोलाई संविधान र ऐन, कानुनले स्वीकृत गरेको छ भने ठीकै हो । तर, उहाँहरुले खर्च गर्ने सीमा, उहाँहरुले गर्नसक्ने व्यवहार र उहाँले कुन सीमाभित्र रहेर घोषणापत्र जारी गर्ने हो त्यो पनि त कानुनमा लेखिएको त छ नि । कतिपय कानुनमा प्रतिबद्ध घोषणपत्र पनि जारी गर्न पाइँदैन ।

त्यसकारण यी सबै चिजलाई हेरर, मनन गरेर मेरो आफ्नो उम्मेदवारीको घोषणा गर्दा यो यो काम गर्छु भनेर प्रतिबद्धता व्यक्त गर्नुहोस् र गरिरहेको प्रतिबद्धता चाहिँ कानुन, संविधान र आचारसंहिताले निर्धारण गरेको विषय वस्तुको अनुकूल होस् भन्ने मात्र हाम्रो सबैलाई आग्रह हो ।

आचारसंहिता उल्लङ्घन गर्नु भयो भने निर्वाचन आयोग यस पटक दण्डात्मक रुपमा पनि प्रस्तुत हुन्छ । यसोभन्दा कानुनको कठोर पालना भन्ने नभएर कानुनको तपाईं पनि परिपालन गर्नुस् र हामी पनि गर्छौं भन्ने हो । निर्वाचन आयोग, आयुक्त, पदाधिकारीहरु, कर्मचारीहरु र चुनावमा सरिक हुने सम्पूर्ण राष्ट्रसेवकहरुलाई पनि आचारसंहिता लागू हुन्छ । त्यसैगरी उहाँहरु आचारसंहिताको परिधिभित्र बस्नुहुन्छ भने चुनावमा सरिक हुनुहुने, नेतृत्वमा जान चाहनुहुने उम्मेदवारहरु र उहाँहरुलाई मत दिने मतदाताहरु पनि एउटा सीमाभित्र बसिदिनु पर्यो भन्ने मात्र आग्रह हो ।

अहिले निर्वाचन आयोग कठोर हुन खोजेको हो कि भन्ने सन्दर्भमा कानुनको व्याख्या गरेर देखाइदिन मात्र खोजेको हो । कठोर र नरम भन्ने भाषा हुँदैन । निर्वाचन आयोग ऐन, प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन ऐन र त्यसको अतिरिक्त स्थानीय निर्वाचन ऐन त २०७३ सालमा आएको हो नि । २०७३ सालमा आएको ऐनलाई पूर्ण रुपमा परिपालन गर्नका लागि अस्ति भर्खर सम्पन्न स्थानीय चुनाव छ त्यसमा पूर्णरुपमा परिपालन गर्ने भन्ने सन्दर्भमा हामीले कानुनको अभ्यास गर्यौं । हुनसक्छ केही व्यक्तित्वहरु निर्वाचन आयोगले गरेको निर्णय र निर्वाचन आयोगद्वारा भएको सजायमा चित्त बुझेको छैन वा उहाँहरुलाई अन्याय परेको भन्ने होला तर, आयोगको आग्रह भनेको केवल कानुनको परिपालना गर्नुहोस् भन्ने मात्र हो ।

गम्भीर आचारसंहिता उल्लङ्घनमा मनोनयन खारेज

कानुनमा यदि आचारसंहिता उल्लङ्घन भएको भए पहिला सचेत हुनुपर्यो, ठहर भएका खण्डमा निर्वाचन आयोगले अगाडि बढेर निर्णय गरेमा दण्ड सजायको कुरा होला र चुनावलाई धक्का नै पुर्याउनेसम्मको क्रियाकलाप भएको छ र आचारसंहिता र ऐन, नियम, कानुनको पूर्णरुपमा उल्लङ्घन गरेर प्रतिस्पर्धामा जानु भएको छ अनि टड्कारो रुपमा उहाँले गरेको क्रियाले चुनावलाई प्रतिकूल असर पर्छ भने देखियो भने निर्वाचन आयोग ऐन र प्रतिनिधि सभा र प्रदेश सभा ऐनले उहाँको मनोनयन नै खारेज हुनसक्ने सम्मको परिकल्पना गरेको छ । र, अझ त्यसलाई पछाडि धक्का दिन चाहिँ निर्वाचन कसुर तथा सजाय ऐन रहेको छ ।

सबै ऐनहरु हेर्दा के देखिनुपर्यो भने टड्कारो रुपमा चुनावलाई असर पार्ने, चुनावमा भ्रम सिर्जना गरेर जसरी पनि आफू जित्ने प्रयोजनको लागि त्यहाँ भित्र अलिकति कुण्ठित आपराधिक क्रिया पनि देखियो भने उहाँको मनोनयन पत्र नै खारेज हुनसक्ने अवस्था हुन्छ । त्यसकारण नेतृत्वमा जान चाहनेहरु त्यो हदसम्म जानु हुन्छ भन्ने हामीलाई लाग्दैन । निर्वाचन आयोगले स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण, धाँधलीरहित आफ्नो भएको घोषणापत्र लिएर आफ्नो मतदाताहरुलाई विश्वास दिलाएर अरुभन्दा या उम्मेदवार ठीक रहेछ भन्ने बनाएर मतदाताको मन जितेर मत प्राप्त गर्ने कुरा हो । त्यसकारण यो उम्मेदवारी नै खारेज गर्नेसम्मको क्रिया कहीँबाट हुँदैन । आयोगले त्यस्तो विश्वास गर्दैन । यदि त्यस्तो कसुरजन्य क्रिया देखियो र कानुनले त्यो कसुरजन्य क्रिया हो भनेर वस्तुनिष्ठ प्रमाणले ठहर गर्यो भने त्यस बेलामा आयोगले प्रमाणको विश्लेषण तथा मूल्याङ्कन गरेर समष्टिगत रुपमा के हो भनेर हेर्दा यो गर्नैपर्ने रहेछ भन्यो भने बल्ल त्यस बेला मनोनयन खारेज गर्ने कुरा हो । त्यसको अतिरिक्त हामीले अहिले यो हदसम्मको सजाय हुनसक्छ भनेर आयोगले उम्मेदवारलाई जानकारी दिएको मात्र हो । त्योभन्दा बाहेक त उहाँहरु आफैँले अध्ययन गरेर त्यस्तो वातावरण नआओस् भनेर सचेत हुनपर्यो । यदि त्यस्तो घटना भयो भने आयोगले निर्वाचन आयोगले निर्ममता पूर्वक त्यसरी निर्णय गर्नुपर्यो भने त्यो आयोग र उम्मेदवार दुवै पक्षका लागि दुर्भाग्य हुन्छ ।

जुनसुकै काम सामान्य वा विशिष्ट प्रकृतिको काममा चुनौती अवश्य बढी हुन्छ । र त्यो चुनैतीलाई कसरी लिने भन्ने कुरा हो । यसलाई आयोगले सामान्य रुपमा लिएको छ । हामीले कानुन परिपालना गरौँ भनेर आग्रहसम्म गरेको न हो । त्योभन्दा बाहेक हामी सिध्याउँछौँ भनेर लाग्ने त होइन । आयोगले त्यस्तो विश्वास गर्दैन । आयोगले के विश्वास गर्छ भने संविधान, ऐन, नियमको परिधि भित्र बसेर हामी सबै चुनावमा होमियौँ । चुनावबाट जसलाई मतदाताले मत दिएर प्रतिनिधित्व गराउनुहुन्छ उहाँले नीति दिएर पाँच वर्ष देशलाई शासन गर्नुहोस् । त्योभन्दा बाहेक अरु कुनै विषयलाई चुनौतीको रुपमा लिएर यसलाई यसै गर्नुपर्छ भनेर पूर्व योजना बनाएर केही पनि गर्दैन । हामीले यो चुनावलाई त्यस्तो चुनौतीको रुपमा लिएका छैनौँ । सामान्य प्रक्रिया हो । संविधानले निर्धारण गरेको प्रक्रिया हो, ऐनले निर्धारण गरेको प्रक्रिया हो । यो सामान्य प्रक्रियालाई चुनौतीको परिभाषा भित्र राख्न मिल्दैन ।

आयोग र मेरो व्यक्तिगततर्फबाट पनि राजनीतिक दलको उम्मेदवार, स्वतन्त्र उम्मेदवार, चुनावमा संलग्न हुनु हुने राष्ट्र सेवक कर्मचारी, न्यायपालिका अन्तर्गत मुख्य निर्वाचन अधिकृतहरु र मतदातासमेतमा स्वच्छ, भयमुक्त र उन्मुक्त वातावरणमा चुनाव सम्पन्न गरौँ । पाँच वर्षका लागि मत दिने कुरालाई कसरी हेरौँ भने पाँच वर्ष आफ्नो लागि आफ्नो प्रतिनिधिद्वारा आफैँमाथि शासन हुने हो । अहिले गरेको मतदानबाट भरे पश्चाताप नहुने गरी कानुनलाई पूर्णरुपमा परिपालन गरेर, आचारसंहिताको अधिनमा रहेर आफ्नो मनमा लागेको उन्मुक्त भएर खुसीसँग आफूले इच्छाएको र पत्याएको उम्मेदवारलाई मत दिनुस् र यो चुनावलाई सबै मिलेर सम्पन्न गरौँ यसैले नै यो देशको भलो हुन्छ । हाम्रो वास्तविक प्रतिनिधित्व हुन्छ भन्ने आयोगको ठहर छ । यो चुनावमा सरिक हुने सम्पूर्ण आयोग, कर्मचारी, राष्ट्रू सेवक कर्मचारी,

बाँकी ६ पृष्ठमा

# खेलकुद

## टी-२० विश्व कप : नाटकीय खेलमा बङ्लादेशले जिम्बाब्वेलाई हरायो

काठमाण्डौ । टी-२० विश्व कप क्रिकेटको आजको पहिलो खेलमा बङ्लादेशले जिम्बाब्वेलाई तीन रनले हराएको छ । अस्ट्रेलियाको ब्रिस्बेनमा जितका लागि १ सय ५१ रनको लक्ष्य पाएको जिम्बाब्वेले आठ विकेट गुमाएर १ सय ४७ रन बनायो । जिम्बाब्वेलाई जितको लागि अन्तिम बलमा पाँच रन चाहिएको थियो । अन्तिम बलमा जिम्बाब्वेले रन लिन सकेन ।

बङ्लादेशका खेलाडीले जितको खुसी मनाए, जिम्बाब्वेका खेलाडी हारेको भन्दै निरास भए र मैदानबाट बाहिरिए । तर रिभ्यु गर्दा अम्पायरले नो बलको सङ्केत दिएपछि दुवै टोलीका खेलाडी पुनः मैदानमा फर्किएका थिए । खेल जित्नको लागि जिम्बाब्वेलाई चार रन चाहिएकोमा नो बलमा समेत रन लिन नसकेपछि खेल बङ्लादेशले जित्यो । जिम्बाब्वेका लागि सिन विलियम्सले सर्वाधिक ६४ रन बनाए । बलिङतर्फ बङ्लादेशका लागि तस्किन अहमदले तीन तथा मोसादिक होसाइन र मुस्ताफिजुर रहमानले २/२ विकेट लिए । यसअघि टस जितेर पहिले ब्याटिङ थालेको बङ्लादेशले २० ओभरमा सात विकेट गुमाएर १ सय ५० रन बनायो । उसका लागि नजमुल होसाइन शान्तोले ७१ रन बनाए । जितसँगै तीन खेलमा चार अङ्क जोडेर बङ्लादेश दोस्रो स्थानमा उक्लिएको छ । पराजित भएको जिम्बाब्वे चौथो स्थानमा झरेको छ ।

## प्रधानमन्त्री कप एक दिवसीय पुरुष क्रिकेट प्रतियोगिता सुरु

काठमाण्डौ । प्रधानमन्त्री कप एक दिवसीय पुरुष क्रिकेट प्रतियोगिता आजदेखि सुरु भएको छ । अहिले त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा सशस्त्र प्रहरीको एपीएफ क्लबले त्रिभुवन आर्मी क्लबसँग खेलिरहेको छ । यस्तै मूलपानीमा नेपाल पुलिस क्लब र बाग्मती प्रदेशले खेलिरहेका छन् । कात्तिक २६ गतेसम्म चल्ने प्रतियोगितामा सात वटा प्रदेश र तीन वटा विभागीय गरी १० वटा टोलीको सहभागिता रहेको छ । १० टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । हरेक समूहको शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउने छन् । प्रतियोगिताको विजेताले विजेताले १० लाख रुपैयाँ र उपविजेताले पाँच लाख रुपैयाँ पुरस्कार पाउनेछन् । प्रतियोगिताको लागि १ करोड ५० लाख रुपैयाँको बजेट रहेको नेपाल क्रिकेट सङ्घ क्यानले जनाएको छ ।

## नोभेम्बर २० देखि विश्व कप फुटबल प्रतियोगिता

कतारमा विश्व कप फुटबल नजिकिएसँगै सयौँ आप्रवासी कामदारलाई बिदामा बस्न दबाब बढेको छ । मध्य दोहामा रहेका कामदारलाई उनीहरु बसिरहेको ठाउँ खाली गर्न र बिदामा बस्न दबाब दिइएको हो । विश्व कप फुटबलको प्रतिस्पर्धाका लागि लाखौँ विदेशी पाहुनालाई स्वागत गर्ने पर्खाइमा रहेको कतारको छविलाई भने धुमिल पारेको स्थानीय बासिन्दा र कामदारहरूले बताएका छन् । अल-मन्सौराको आसपास तथा अपार्टमेन्टमा बसेका दर्जनौँ श्रमिकहरू सडकमा निकालिएका समाचार संस्था एएफपीले जनाएको छ । कतारको २८ लाख जनसङ्ख्यामध्ये ८० प्रतिशतभन्दा धेरै नेपाल, भारत, पाकिस्तान, बङ्लादेश, फिलिपिन्सका साथै अफ्रिकी देश केन्या र युगान्डालगायत देशबाट कामको सिलसिलामा स्थायी तथा अस्थायी बसोबास गर्नेहरु रहेका छन् । जबरजस्ती बिदामा बस्न लगाइएका कामदारहरूले तलब नपाएको भन्दै आलोचना हुँदै आएको छ । आउँदो नोभेम्बर २० देखि विश्व कप फुटबल प्रतियोगिता सुरु हुँदैछ । तर प्रतियोगिताको तयारी तथा निर्माण कार्यमा खटिएका श्रमिकलाई गरेको व्यवहारले कतारको आलोचना हुँदै आएको छ ।

## फुटबल खेलाडी नेयमार विरुद्ध लागेको भ्रष्टाचार र ठगी आरोपको मुद्दा फिर्ता

फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन पीएसजीका खेलाडी नेयमारमाथिको भ्रष्टाचार र ठगी आरोपको मुद्दा फिर्ता भएको छ । स्पेनिस क्लब बार्सिलोनामा अनुबन्ध हुँदा भ्रष्टाचार र ठगी गरेको आरोपमा नेयमार विरुद्ध मुद्दा चलाइएको थियो । नेयमारविरुद्ध २ वर्षको जेल सजाय र ८४ लाख पाउण्ड जरिबानाको माग दाबी थियो ।

तर, अभियोजकहरुले नेयमारविरुद्धको मुद्दा फिर्ता लिएका बीबीसीले जनाएको छ । ३० वर्षका नेयमार २०१३ मा ब्राजिलियन क्लब सान्तोसबाट १४ मिलियन पाउण्डमा बार्सिलोनामा अनुबन्धित भएका थिए । यस्तै, नेयमार २०१७ मा बार्सिलोनाबाट पीएसजी आएका थिए । नेयमारसँगै उनका बाबुआमा, बार्सिलोनाका पूर्व दुई अध्यक्ष जोसेप मारिया बार्टोमेउ र सान्ड्रो रोसेलविरुद्ध समेत मुद्दा दर्ता गरिएको थियो । सबैको मुद्धा फिर्ता भएको छ ।

## १५ वर्षमुनिको नेपाली फुटबल टोली बङ्लादेश प्रस्थान

काठमाण्डौ । १५ वर्षमुनिको नेपाली महिला फुटबल टोली  बङ्लादेश प्रस्थान गरेका छन् । बङ्लादेशमा हुने  १५ वर्षमुनिको साफ च्याम्पियनसिप खेल्न नेपाली टोली त्यसतर्फ जान लागेको हो ।

टोलीलाई हिजो बिदाइ गरिएको छ । एन्फा कम्प्लेक्स सातदोबाटोमा राष्ट्रिय खेलकुद परिषद् राखेपका सदस्य सचिव टङ्कलाल घिसिङ, एन्फा अध्यक्ष पंकज विक्रम नेम्बाङले खेलाडीहरुलाई बिदाइ गरेका हुन् । १५ वर्षमुनिको साफ महिला च्याम्पियनसिप कार्तिक १५ गतेदेखि २५ गतेसम्म बङ्लादेशमा हुँदैछ ।

च्याम्पियनसिपमा घरेलुटोली बङ्लादेशसहित नेपाल र भुटान गरी तीन टिमले मात्र प्रतिस्पर्धा गर्नेछन् । डबल राउण्ड रोविन लिगका आधारमा खेलहरु हुनेछ । डबल राउन्ड रोबिन लिगपछि शीर्षस्थानमा रहने टोली च्याम्पियन बन्नेछ । नेपालले कार्तिक १७ गते भुटानसँग खेल्दै च्याम्पियनसिपको सुरुआत गर्नेछ ।

## चाडपर्व.....

आलोचनमामै सकिएका २० दिन

प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनका लागि असोज २३ गते प्रत्यक्षतर्फका उम्मेदवारको मनोनयन दर्तापछि उम्मेदवारहरु तथा दलका शीर्ष नेताहरु कार्यकर्ता भेटघाटमा छन् । यी २० दिनमा अपवाद बाहेक अधिकांश नेताहरु विपक्षीको आलोचनामा मात्र केन्द्रित भए । एकातिर कांग्रेस-माओवादी-एकीकृत समाजवादी लगायत दलको सत्ता गठबन्धन छ भने अर्कोतर्फ एमाले-जसपा-राप्रपाको प्रतिपक्षी गठबन्धन छ । दुवै गठबन्धनमा रहेका दलका नेताहरुले अर्को गठबन्धन तथा गठबन्धनका दलको चर्को आलोचना गर्ने गरेका छन् । बितेका २० दिनमा दलका नेताहरु चुनावी अजेन्डाभन्दा एकअर्काको आलोचनामा बढी केन्द्रित भएको देखियो । सरकारको नेतृत्वमा रहँदा दुई(दुईपटक संसद् विघटन गरेका एमाले अध्यक्ष केपी ओली आफू नेतृत्वको सरकारको उक्त निर्णयको बचाउ गर्दै चुनावी कमाण्डको नेतृत्व गर्दै मैदानमा छन्। ओलीले १७ गते दार्चुलाबाट चुनावी सभा सुरु गर्दै छन्। ओलीले आफू नेतृत्वको सरकार हुँदा ल्याइएको चुच्चे नक्साको अधिकारिकता र राष्ट्रवादको नयाँ 'तुरुप' फ्याल्न पनि दार्चुला रोजेका हुनसक्ने जानकारहरु बताउँछन् ।

अर्कोतर्फ एमाले छोडेर नयाँ पार्टी गठन गरेका माधव नेपाल, तत्कालीन नेकपामा हुँदा ओलीसँग सह(अध्यक्ष रहेका माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र अघिल्लो निर्वाचनमा बामगठबन्धनकै कारण सानो पार्टीमा खुम्चिए पनि ओलीले संसद् विघटन गरेपछि सत्तामा पुनारागमन गरेका कांग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाहरुले ओलीको आलोचनालाई प्रथम अजेन्डा बनाएका छन्। ओलीले गरेको संसद् विघटनलाई 'प्रतिगमन'को संज्ञा दिएका उनीहरुले आगामी निर्वाचनमा पनि उक्त विषयलाई प्रमुख मुद्दा बनाउने भएका छन् । नेपाली कांग्रेसले (उसकै शब्दमा) अव्यवस्थालाई सुव्यवस्थामा बदल्न घोषणापत्रमा १२ प्रतिबद्धता व्यक्त गरेको छ । प्रतिबद्धताको पहिलो नम्बरमा हरेक सार्वजनिक निकायका अधिकारीहरूले प्रत्येक वर्ष सम्पत्ति विवरण सार्वजनिक गर्ने बाध्यकारी कानुन जारी गर्ने भनिएको छ । सेवा प्रवाहसम्बन्धी तीनै तहका सरकारका कार्यालयमा हुँदै आएका विकृति( विसंगति, भ्रष्टाचार, ढिलासुस्ती र झन्झटिलो अवस्थाको अन्त्य गरी प्रभावकारी, कार्यमूलक र सेवामुखी बनाउँदै आधुनिक प्रविधिको प्रयोग गरी सरल, सहज र छिटोछरितो सेवा उपलब्ध गराउने पनि कांग्रेसले बताएको छ । यस्तै, कृषकले प्रत्येक वर्ष भोग्नु परिरहेको रासायनिक मलको समस्या समाधान गर्न निजी क्षेत्र समेतको सहभागितामा आन्तरिक उत्पादन लगायत दीर्घकालीन उपाय खोज्ने भनिएको छ । यस्तै, बाबुरमा भट्टराई नेतृत्वको पार्टी नेपाल समाजवादी पार्टीले भने आफ्नो घोषणापत्रमा 'लोकतन्त्रको लोकतान्त्रिकीकरण'का लागि १० संकल्प प्रस्तुत गरेको छ। राज्यको संघीय पुनर्संरचना, आन्तरिक लोकतन्त्र, प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेश प्रमुख, मन्त्रीमण्डल स्वतन्त्रतापूर्वक गठन, सांसदको भूमिका विधायकी, समन्यायिक समावेशिता, शक्ति पृथकीकरण, जनमत संग्रह, राइट टु रिजेक्ट र राइट टु रिकल र आर्थिक पारदर्शीता जस्ता बुँदाहरु नेसपाको घोषणापत्रमा समावेश छन् । नेपाल मजदूर किसान पार्टीले नेपाली कांग्रेस र नेकपा (एमाले)को भूमिकाको चर्चा गर्दा घोषणापत्रमा ती दुवै दल नेतृत्वको गठबन्धनलाई एउटै सिक्काका दुई पाटाको रुपमा चित्रित गरेको छ। दुवै गठबन्धन सिद्धान्तहीन भएको टिप्पणी गर्दै नेमकिपताले पुँजीवादी सरकारको भागबन्डा गर्ने चाँजोपाँजोका लागि मात्रै गठबन्धन भएको बताएको छ ।

## भक्तपुर....

कांग्रेसले यस क्षेत्रमा सांसद मात्र गुमाएन । सङ्घीय संसद् र प्रदेशसभा सदस्यका लागि सम्पन्न उक्त निर्वाचनमा एक सिट पनि जित्न सकेन । जिल्लामा पहिलो दलका रुपमा रहेको कांग्रेस तेस्रोमा खुम्चिन पुगेको थियो ।

अहिले परिस्थिति फेरिएको छ । गत वैशाखमा सम्पन्न स्थानीय निर्वाचनमा कांग्रेस पहिलो शक्तिका रुपमा उदय भएको छ । चार स्थानीय तह भएको भक्तपुरमा कांग्रेसले दुई पालिका मध्यपुरथिमि र चाँगुनारायण नगरपालिकाको प्रमुखमा जितेको छ । सूर्यविनायक नगरपालिकामा कांग्रेस पहिलेको तुलनामा थप मजबुत देखिएकाले एमालेको आन्तरिक मूल्याङ्कनमा भक्तपुर(२ लाई सहज जीत हुने क्षेत्रका रुपमा नभई जित्नसक्ने सम्भावित क्षेत्रका रुपमा लिइएको हो ।

भक्तपुरमा कांग्रेस आफैँमा बलियो मात्र भएको छैन, यसपटक उसलाई सत्ता गठबन्धनको फाइदा पनि देखिएको छ । पहिलेको तुलनामा सङ्गठन मजबुत भएको कांग्रेस क्षेत्र नं २मा सत्ता गठबन्धनको समेत फाइदा उठाउँदै आफ्नो गुमेको सिट फिर्ता ल्याउने रणनीतिमा रहेको छ भने अर्कोतर्फ एमालेका पोलिटब्युरो सदस्यसमेत रहेका सांसद बस्नेत पुनःनिर्वाचित हुने दाउमा रहेका छन् । उक्त क्षेत्रमा गत स्थानीय तहको मत परिणामअनुसार यस क्षेत्रमा कांग्रेस पहिलो दल बनेको छ । दुबै नगरपालिकाका १९ वटा वडामध्ये कांग्रेसले ११ वटा वडासहित एक प्रमुख जितेको छ भने नेकपा एमालेले सात वडाअध्यक्षसहित एक प्रमुख र एक उपप्रमुखमा जीत हासिल गरेको छ ।

त्यस्तै नेकपा माओवादी केन्द्रले एक उपप्रमुख जितेको छ । एउटा वडामा भने नेमकिपाका उम्मेदवार विजयी भएका छन् । गत स्थानीय तहको निर्वाचनमा वडाध्यक्षले प्राप्त गरेको मतपरिणामअनुसार उक्त क्षेत्रमा कांग्रेसको मत झण्डै २६ हजार रहेको छ भने एमालेको २४ हजार पाँच सय मत रहेको छ ।

त्यस्तै नेपाल मजदूर किसान पार्टीले पाँच हजार, राप्रपाले चार हजार, नेकपा एसले एक हजार र माओवादी केन्द्रको एक हजार हाराहारी मत रहेको छ । यसरी हेर्दा सत्ता गठबन्धनको मत २८ हजार हाराहारी छ । स्थानीय निर्वाचनपछि भक्तपुरमा राप्रपाको अङ्कगणित पनि फेरिएको छ । कमल थापाले राप्रपा नेपाल पुनःगठन गरे पनि स्थानीय निर्वाचनअघि भक्तपुरमा सङ्गठन विस्तार गर्न सकेको थिएन । अहिले राप्रपा नेपालको पनि सङ्गठन विस्तार भएकले उसले पाएको करिब चार हजार मतको अङ्कगणित पनि हेरफेर हुनसक्ने देखिन्छ ।

## सन्दिप......

सजायको मागदाबी अभियोग पत्रमा गरिएको नेउपानेले बताए । लामिछानेविरुद्ध प्रहरी वृत्त, गौशालामा २१ भदौमा १७ वर्षकी किशोरीले जबरजस्ती करणीको कसूरमा किटानी जाहेरी दिएकी थिइन् । जाहेरी परेको दुईदिनपछि जिल्ला अदालत, काठमाडौंले उनलाई पक्राउ गर्न प्रहरीलाई अनुमति दिएको थियो । पक्राउ पूर्जी जारी भएपछि नेपाल क्रिकेट संघ (क्यान) ले उनलाई राष्ट्रिय टोलीको कप्तानबाट निलम्बन गरेको थियो । निलम्बित भएपछि उनले नेपालको कानून मान्ने बताउँदै स्ट्याटस लेखेका थिए । तर क्यारेबियन प्रिमियर लिग (सीपीएल) खेल्ने क्रममा जमैका रहेका उनी एक महिनासम्म सम्पर्कविहीन रहे । इन्टरपोलमा डिफ्यूजन नोटिस जारी भएपछि उनी २० असोजमा नेपाल आए र विमानस्थलबाटै पक्राउ परे ।

## चुनाव......

निर्वाचन अधिकृतहरु, उम्मेदवारहरु, मतदाताहरु सबैलाई उन्मुक्त भएर कुनै पनि कानुनलाई नमिचिकन, भयरहित ढङ्गबाट चुनाव सम्पन्न गरौँ र सम्पन्न भइसकेपछि आउने परिणामले हामीलाई पश्चाताप नहोस् । त्यसकारण अगाडि नै सोचेर, मनन गरेर, विचार गरेर हामी मतदान गरौँ र मतदान गरिसकेपछि नीति निर्माण गर्ने तहमा हाम्रो प्रतिनिधित्व पठाउँ ता कि हामीले दिएको मतबाट हाम्रो मन अनुसारको प्रतिनिधित्व गरेर हामीलाई मनमा लागेको विषयमा उहाँहरुले त्यहाँ उजागर गरेर हाम्रो प्रतिनिधिको हैसियतले पाँच वर्ष देश चलोस् भनेर सोचेर, विश्वास गरेर मतदान गरौँ भन्ने सबैमा आयोगको तर्फबाट आग्रह गर्छु ।

सामाजिक सञ्जालमा तथ्यहीन, भ्रामक र घृणायुक्त सामग्री रोक्नको लागि आयोगले पूर्णरुपमा पहल गरिरहेको छ । हाम्रो प्रेस अफिस पनि छुट्टै खडा छ । यसका अतिरिक्त नेपाल प्रेस काउन्सिल छ र उहाँहरुको छुट्टै ऐन, नियम र आचासंहिता पनि छ । यदि यस्तो द्वैषपूर्ण अभिव्यक्ति लगायत भ्रामक समाचार दुष्प्रचार गरियो भने हामी तत्क्षण नै रोक्न लगाउँछौँ । नियन्त्रण गर्छौं । मलाई लाग्छ यसरी कुनै पनि सामाजिक सञ्जालले चुनावलाई प्रतिकूल असर पर्ने गरी अथवा एउटा उम्मेदवारलाई प्रतिकूल असर पर्ने गरी अर्कोको उजागर गर्ने र एउटालाई खसाल्ने गरेर कुनै पनि सामग्री प्रचारप्रसार गर्नुहुन्न । यदि गरियो भने उहाँहरु सजायको भागिदार हुनुहुन्छ । निश्चित रुपमा सामाजिक सञ्जाल सञ्चालन गर्ने भनेको बुद्धिजीवी, पढेको, लेखेको, जानेको, त्यस विषयको ज्ञाता भएको हुनाले उहाँहरुले यसरी आचारसंहिता उल्लङ्घन गर्नुहुन्न । यदि उल्लङ्घन गरिहालेमा कडाइका साथ कारबाही हुन्छ । कारबाही हुने नै हो । यो हामीले गर्ने कारबाही नभएर कानुनले गर्ने हो । आयोग त निमित्त मात्र हो यसमा । त्यसकारण कुनै सञ्चार प्रतिष्ठान, समाजिक सञ्जाल कसैले पनि आचारसंहिता उल्लङ्घन नगरिकन चुनावमा सरिक हुनुहोस् भन्ने आग्रह गर्न चाहन्छु । (निर्वाचन आयुक्त भण्डारीसँगको कुराकानीमा आधारित) रामप्रसाद भण्डारी

## पुस्तक.....

बुझ्न सक्छन्, हृदय पुस्तकमा डा. भगवानले गैरचिकित्सा क्षेत्रका व्यक्तिले पनि सरल तथा सहज रुपले बुझ्न सक्ने गरी आफ्ना अनुभव र अनुभूतिलाई पस्किनुभएको छ ।

साहित्यमा नोबेल पुरस्कार विजेता भिएस नयपालका शब्दमा 'साहित्य तब महान् बन्छ जब यसलाई साधारणदेखि साधारण व्यक्तिले पनि सहजै बुझ्न सक्छ, सहजै ग्रहण गर्न सक्छ' भन्ने विचारलाई अनुशरण गर्दा डा. कोइरालको 'हृदय' सही जँचेको छ ।

नेपाली बृहत् शब्दकोशले हृदयलाई मुटु मात्र नभनेर 'अन्तरात्मा, अन्तःकरण, चित्त, मन' पनि भनेको छ । यस शब्दकोशले हृदयलाई 'असल र खराब छुट्याउने शक्ति, विवेक' पनि भनेको छ । मुटुले अभिधा अर्थ बोक्छ, हृदयले अभिधा, लक्षणा र व्यञ्जना अर्थ पनि बोक्छ । लेखक डा. भगवानले पनि पुस्तकको नाम मुटु राख्नुभएन, हृदय राख्नुभयो ।

यस पुस्तकमा मुटुका कुरा मात्र छैन, मुटु चिकित्साका व्यापक कुरा छन्, हृदयका कुरा छन्, हृदय छुने कुरा छन् । हाम्रामा 'शहीद गङ्गालाल राष्ट्रिय मुटु केन्द्र' छैन, 'शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र' छ नि । यस अस्पतालमा मुटुको मात्र उपचार हुँदैन, मुटुसँग सम्बन्धित निरोधात्मक तथा उपचारात्मक काम पनि हुन्छ, हृदयसम्बन्धी व्यापक काम पनि हुन्छ ।

मुटुको चिरफार गर्ने डाक्टर भगवानले आफ्नो जीवनको अनुभव र अनुभूतिलाई चिरफार गर्नुभएको छ 'हृदय' मार्फत । पुस्तक पढ्दा लक्षणा र व्यञ्जना अर्थ खोज्नु पर्दैन, अभिधा अर्थले नै पुग्छ । सिधासादा कुरा छ, नबुझिने कुरै छैन । शब्द नबुझेर शब्दकोश खोज्नु पर्दैन । पुस्तक पठनीय त छदैछ, यो पुस्तक सङ्ग्रहणीय पनि छ ।

यो पुस्तक किनेर आफूले पढेर स्कुललाई उपहार दिन पनि सकिन्छ, पुस्तक किनेर स्कुललाई उपहार दिन पनि सकिन्छ, बिहाबारी, जन्मदिन आदिमा पनि यो पुस्तक उपहार दिन सकिन्छ । पुस्तक किनेर यसबाट प्राप्त हुने लेखकस्वको पचास प्रतिशत इन्स्टिच्युट अफ चाइल्ड हेथ नाम गरेको बहुविशिष्टीकृत बाल अस्पताललाई सहयोग गर्न पनि सकिन्छ । पुस्तक पढ्न पनि पाइने, पुण्य पनि मिल्ने । पुस्तकका लेखक डा. कोइराला तथा प्रकाशकलाई बधाई तथा शुभकामना ।

कृति : हृदय<br>
लेखक : डा. भगवान कोइराला<br>
प्रकाशक : फाइन प्रिन्ट<br>
पृष्ठ : २२७<br>
मूल्य : ६५० रुपैयाँ

# चितवनका ३४ मतदानस्थल अतिसंवेदनशील

चितवन । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि जिल्लाका एक सय ६२ मध्ये ३४ मतदानस्थल अतिसंवेदनशील देखिएका छन् । सुरक्षाका दृष्टिकोणले तीन तहमा मतदानस्थललाई वर्गीकरण गरिएको हो । जिल्ला सुरक्षा समिति चितवनले अतिसंवेदनशील, संवेदनशील र सामान्य गरी तीन तहमा वर्गीकरण गरेको छ । प्रमुख जिल्ला अधिकारी अस्मान तामाङका अनुसार ८९ मतदानस्थललाई संवेदनशील र ३९ मतदानस्थललाई सामान्यमा राखिएको छ । विगतको निर्वाचनमा देखिएका गतिविधि, अब हुनसक्ने गतिविधि, पूर्वाधारको विकास, सुरक्षा निकायको पहुँच, मतदाता र उम्मेदवारलाई आधार बनाएर मतदानस्थललाई वर्गीकरण गरिएको उनले बताए । अतिसंवेदनशील र संवेदनशील क्षेत्रका लागि विशेष सुरक्षा व्यवस्था मिलाइएको तामाङले बताए । सुरक्षाका लागि म्यादी प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र राष्ट्रिय अनुसन्धानको टोलीलाई परिचालन गरिनेछ । जिल्लामा एक हजार दुई सय नेपाल प्रहरी र एक हजार नौ सय ९१ म्यादी प्रहरी खटिँदैछन् । जिल्लामा कुल एक सय ६२ मतदानस्थल छन् । जसमा चार सय ६० मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालय चितवनका प्रमुख भीमसेन कार्कीले जानकारी दिए । जिल्लाभर चार लाख आठ हजार तीन सय ४२ मतदाता रहेका छन् । यो विसं २०७४ को निर्वाचनभन्दा १० हजार छ सय ५७ जना बढी हो । मतदातामध्ये महिला दुई लाख नौ हजार तीन सय नौ र पुरुष एक लाख ९९ हजार ३२ जना रहेका छन् ।

# विस्फोटमा नेपाली बालक मारिएको घटनामा भारतीय पक्षले स्वीकार्‍यो गल्ती

कञ्चनपुर । सडक निर्माणका क्रममा भारतीय पक्षले विस्फोट विस्फोट गराउँदा दार्चुलामा नेपाली बालकको मृत्यु भएको घटनामा भारतले गल्ती स्वीकार गरेको छ । पीडित परिवारसँगको छलफलका क्रममा शनिबार भारतीय पक्षले गल्ती स्वीकार गरेको व्यास गाउँपालिकाका अध्यक्ष मंगलसिंह धामीले बताए । 'अहिले हामी छलफलमै छौँ, भारतीय कम्पनीले गल्ती स्वीकार गरेको छ,' उनले भने, 'अरु बालबच्चालाई कक्षा १२ सम्म पढाउने र परिवारको एक जनालाई कम्पनीमा रोजगारी दिने भनेका छन्, पीडित परिवारले भने उचित क्षतिपूर्ति माग गरेका छन् ।' विस्फोट गराउने निजी कम्पनी भएकाले आफूहरुलाई रोजगारीभन्दा पनि उचित क्षतिपूर्ति दिइनुपर्ने पीडित परिवारको माग छ । महाकाली नदीपारि भारतले तावाघाट-लिपुलेक सडक फराकिलो गर्ने क्रममा गर्ग एन्ड गर्ग कम्पनीले विस्फोट गराउँदा उछिट्टिएको ढुंगा लागेर व्यास गाउँपालिका २ दुम्लिङका १२ वर्षीय बालक पवन महराको मृत्यु भएको थियो ।

## अन्तराष्ट्रिय समाचार

# तिब्बतको क्षेत्रीय राजधानी ल्हासामा लकडाउन विरुद्ध प्रदर्शन

चीन सरकारले कोरोना महामारी नियन्त्रण गर्ने उद्देश्यले लागू गरेको कठोर नियमविरुद्ध तिब्बतको क्षेत्रीय राजधानी ल्हासामा ठूला प्रदर्शनहरू भएका छन् । सामाजिक सञ्जालमा प्रकाशित भिडियोहरुमा सयौं मानिसहरू विरोधप्रदर्शनमा सहभागी भएका र प्रहरीसँग झडप भएको देखिन्छ । चीनमा त्यस्ता प्रदर्शनहरूलाई दुर्लभ मानिन्छ । तिब्बत सबैभन्दा कडा सुरक्षाव्यवस्था कायम गरिएको चिनियाँ क्षेत्र हो । प्रदर्शनमा सहभागीमध्ये धेरैजसो मानिस हान समुदायका चिनियाँ आप्रवासी कामदार रहेका बीबीसीले जनाएको छ । ल्हासामा झण्डै तीन महिनादेखि लकडाउन लगाइएको छ । प्रदर्शनमा सहभागी मानिसहरुले हामी घर जान चाहन्छौँ लेखिएको प्लेकार्ड बोकेका छन् । मानिसहरु झण्डै तीन महिनौँदेखि घरमै थुनिएका छन् भने बाहिरबाट आएका मानिसलाई घर जान पनि दिइएको छैन ।

चीनमा यसबेला पहिलो पटक कोभिड पुष्टि भएको वुहानसहित दर्जनौं सहरहरूमा लकडाउन गरिएको छ । लकडाउनका कारण यसबेला चीनका विभिन्न सहरमा गरी २० करोडभन्दा बढी मानिस घरभित्रै थुनिएका रोयटर्सले जनाएको छ । चीनमा पछिल्लो २४ घण्टामा २ सय ६२ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । अहिले चीनमा ३ हजार ६ सय ५८ जना कोरोना भाइरसका सक्रिय सङ्क्रमित रहेका छन् ।

# अफ्रिकी देशका शरणार्थीको सहयोगका लागि राष्ट्रसंघको आग्रह

संयुक्त राष्ट्रसंघले पश्चिम अफ्रिकी देश चाडमा रहेका शरणार्थीको सहयोगका लागि आग्रह गरेको छ । पछिल्लो समयमा देखिएको राजनीतिकलगायतका सङ्कटका कारण त्यहाँका शरणार्थीहरुको अवस्था निकै सङ्कटपूर्ण छ । चाडमा पाँच लाख ७५ हजारभन्दा बढी शरणार्थी रहेका र उनीहरुलाई सहयोग नपुगेको एन्टोनियो गुटरेसका प्रवक्ता डुजारिकले जनाएका छन् । उनका अनुसार यहाँ हरेक दिन शरणार्थीहरु बढ्ने क्रम जारी रहेको छ । संयुक्त राष्ट्रसंघका महासचिवका प्रवक्ता स्टेफान डुजारिकले चाडमा सन् २०२० को तुलनामा शरणार्थी दोब्बर बढेका र उनीहरूको अवस्था नाजुक रहेको भन्दै सहयोगका लागि सबैसँग अपिल गरेका छन् ।

राष्ट्रसंघले हालैमात्र सरकारहरुले राखेका तथ्यांङ्कमा भन्दा पनि बढी शरणार्थीहरु अफ्रिकी देशहरुमा रहेका र उनीहरुका समस्या समाधानका लागि ठोस पहल हुन नसकेको बताएको थियो ।

प्रवक्ता डुजारिकले पछिल्ला दिनहरुमा शरणार्थी बढ्दै गएका भए पनि संयुक्त राष्ट्रसङ्घीय खाद्य कार्यक्रमले आवश्यकताको १० प्रतिशत मात्र सहयोगको तयारी गरेको बताए । संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी उच्चायुक्त फिलिपो ग्रान्डीले अफ्रिकी देशहरुमा शरणार्थीहरुको संख्या बढ्दै गएसँगै कतिपय स्थानमा उनीहरुको अवस्था थप अज्ञात तथा नाजुक बनेको बताए ।

सोमालियमा मात्र यसवर्ष कम्तीमा दश लाख नागरिक खडेरीका कारण विस्थापित भएका तथ्याङ्क संयुक्त राष्ट्रसंघसँग रहेको छ । सोमालियमा नै आन्तरिक राजनीतिक विवाद र हिंसाका कारण विस्थापित भएकाहरुको सङ्ख्या कम्तीमा पनि पाँच लाख छ । पछिल्ला केही वर्षयतादेखि चाड बाढी र पहिरोबाट बढी मात्रामा पीडित भएको छ । केही वर्षयताको बाढीबाट चाड प्रभावित भएको र यहाँका नागरिक लाखौंको सङ्ख्यामा विस्थापित भएका छन् ।

# समा बाढीपहिरो ः ४७ जनाको मृत्यु, ६० व्यक्ति बेपत्ता

भीषण वर्षापछिको बाढी पहिरोमा परी फिलिपिन्समा ४७ जनाको मृत्यु भएको छ भने ६० जनाभन्दा बढी बेपत्ता भएका छन् । बिहीबार रातिदेखि शुक्रबार बिहानसम्म परेको आँधीहुरीसहितको मुसलधारे वर्षाले दक्षिणी फिलिपिन्सका तीनवटा सहर अधिक प्रभावित भएका छन् ।

मुस्लिम मिन्डानाओ (बीएआरएमएम) को बाङ्सामोरो स्वायत्त क्षेत्रका आन्तरिक एवं स्थानीय सरकार मन्त्री नागुइब सिनारिम्बोका अनुसार दातु ओडिन सिनसुआतमा ४२ जनाको मृत्यु भएको छ। पूर्वी प्रान्त क्यामेरिन्स सुरमा शनिबार बिहान आएको आँधी नाल्गामा परेर पाँच जनाले ज्यान गुमाएका छन् । बाढी प्रभावित क्षेत्रमा उद्धारका काम जारी रहेकाले मृत्यु हुनेको सङ्ख्या अझै बढ्न सक्ने जानकारी उनले दिएका छन् । कुसियोङमा एघार जना बालबालिकाको शव उद्धारकर्मीले माटोको ढिस्कोबाट निकालेका उनले बताए। कुसियोङका ६० जना हराइरहेका छन् ।

मागुइन्डानाओ प्रान्तीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यालयका प्रमुख नसरुल्लाह इमामले स्थानीय बासिन्दाको उद्धारका निम्ति सेना र प्रहरी तैनाथ गरिएको बताएका छन् । हालसम्म सात हजारभन्दा बढी बाढी पीडितलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । फिलिपिन्समा यो वर्षको बाढीपहिरामा परी दुई सय ४० जनाभन्दा बढीको मृत्यु भइसकेको छ। रासस/एपी

# दक्षिण कोरियामा भिडमा किचिएर १५१ जनाको मृत्यु, १९ जना मृतक विदेशी नागरिक

दक्षिण कोरियाको राजधानी सिओलमा भिडमा किचिएर १५१ जनाको मृत्यु भएको छ भने ८२ जना घाइते भएका छन् । मृत्यु हुनेमा १९ जना विदेशी नागरिक रहेको बीबीसीले जनाएको छ । तथ्यांक संकलन र उद्धारको काम जारी रहेकाले हताहती हुनेको संख्या बढ्न सक्ने अनुमान गरिएको अधिकारीहरुले बताएका छन् । हेलोविन पर्व मनाउनका लागि इथेवन भन्ने स्थानमा भिड जम्मा भएको थियो । त्यही भिडमा एकजना व्यक्ति लडेपछि भागदौड मच्चिएको प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सन्चार माध्यमहरुले जनाएका छन् । घटनामा मृत्यु हुनेमा धेरैजसो युवाहरु रहेको अधिकारीहरूले बताएका छन् । घाइतेहरूलाई सडकमै सुताएर उपचार गरिएको भिडियोमा देखिन्छ । दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले घटनाप्रति दुःख व्यक्त गर्दै यसबारे अनुसन्धान गर्न तथा घाइतेहरुको उद्धार तथा उपचारमा तीव्रता दिन निर्देशन दिएका छन् । यो घटनापछि अमेरिकी राष्ट्रपति जो बिडेन, बेलायतका प्रधानमन्त्री ऋषि सुनक, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन लगायत विश्वभरका नेताहरुले समवेदना व्यक्त गरेका छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# पुस्तक समीक्षा : मन छुने हृदय

खगराज बराल, पीएचडी

असोज २९ गते म नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा एक महाकाव्यको विमोचन कार्यक्रममा पुगेको थिएँ। कार्यक्रम दिउँसो १:०० सुरु हुनुपर्नेमा १:३० सम्म पनि सुरु हुन सकेन।

फुत्त बाहिर निस्केर अगाडि बढ्दा डबलीमा केही कार्यक्रम हुन लागेजस्तो लाग्यो। डबलीमा दर्शक तथा पाठकहरूका माझ डा. भगवान कोइरालालाई देखेँ। डबलीभन्दा केही पर डा. भगवान कोइरालाद्वारा लिखित 'हृदय' पुस्तकको बिक्री स्टल देखेँ।

'हृदय' पुस्तकको विशेष संस्करणको मूल्य पच्चीस हजार रुपैयाँ राखिएको सुनेको थिएँ, स्टलमा सर्वसाधारण संस्करण बिक्रीमा राखिएको रहेछ। यो संस्करणको मूल्य छ सय पचास रुपैयाँ तोकिए पनि कार्यक्रममा पाँच सय पचासमा पुस्तक उपलब्ध भयो। मैले एक प्रति पुस्तक किनेँ र सरासर डा. कोइराला भएतिर लम्किएँ। मैले उहाँलाई सम्बोधन गरेर अभिवादन गरेँ।

मैले मास्क खोलेँ, मुसुक्क हाँस्दै 'ओ सचिवज्यू, कार्यक्रममा आइदिनुभयो, धन्यवाद' भन्नुभयो। मैले किनेको पुस्तकमा डा. कोइरालाले आफ्नो दस्तखतसहित केही शब्द लेख्नुभयो। केही समय भलाकुसारी भयो। डा. भगवान कोइरालाको नाम नसुन्ने नेपाली सायदै होलान्। मैले धेरै पहिलादेखि डा. भगवान कोइरालालाई चिनेँ पनि साक्षात्कार हुन सकेको थिइनँ। नेपालको अति व्यस्त डाक्टर, त्यसमा पनि मुटुको सर्जन, डा. कोइरालासँग भेटघाट हुने र कुराकानी गर्ने अवसर पनि त्यति सम्भवको कुरा होइन।

२०६६ सालमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) ले सहसचिवका लागि पोजिटिभ एटिच्युट टुवार्ड ओक भन्ने प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको थियो। त्यस कार्यक्रममा डा. भगवान कोइराला, उमेश श्रेष्ठ जस्ता आआफ्नो कार्य क्षेत्रमा सफलता हासिल गरेका व्यक्तित्वबाट प्रशिक्षण दिन आउनुभएको थियो।

मैले पहिलो पटक प्रत्यक्ष रुपमा डा. भगवान कोइरालासँग भेट्ने अवसर पाएको थिएँ। त्यो प्रशिक्षणमा आउँदा डा. कोइराला त्यति उत्साहित हुनुहुन्नथ्यो। यसको कारण पनि उहाँले भन्नुभएको थियो, 'हिजो एक बिरामीको अपरेसन थियो, रातभर निकै प्रयास गर्दा पनि बँचाउन सकिएन। मलाई त्यस घटनाले निकै दुःखी बनाएको छ। आजको प्रशिक्षण पनि प्रभावकारी हुँदैन होला। बरु, तपाईंहरूको जिज्ञासामा छलफल गरौं।' डा. कोइरालाले आफूले कसरी शहीद गंगालाल हृदय रोग केन्द्रको प्रमुख भएर सफलतापूर्वक कार्यकाल कसरी सम्पन्न गरेँ भनेर आफ्नो अनुभव सुनाउनुभयो। मैले डा. भगवान कोइरालालाई जिज्ञासा राखेको थिएँ, 'तपाई मुटु रोग विशेषज्ञ हुनुहुन्छ। नेपालमा ओपन हार्ट सर्जरी सुरुवात पनि तपाईंको नेतृत्वमा भएको हो। मुटुको सर्जरीमा तपाईंको योगदान अतुलनीय छ। मानिसले मन दुख्यो भनेर मुटुलाई देखाउँछन्। कहिलेकाहीँ मेरो हृदय छिया छिया भयो पनि भन्छन्। कतिपयले कसम खाँदा पनि छातीमा (मुटु भएतिर) हात राख्छन्। कतिपयले त राष्ट्रिय गानको समयमा दाहिने हातलाई देब्रे छातीमाथि राख्छन्। मुटु र मस्तिष्कको कस्तो सम्बन्ध हुन्छ ? के मुटुले पनि मस्तिष्कको जस्तै निर्णय गर्न सक्छ ?' डा कोइरालाले भन्नुभएको थियो, 'तपाईंको प्रश्न आत्मिक र भावनात्मक छ। हाम्रा चालचलनमा हृदय भनेको मुटु हो। केही कसम खाँदा पनि छातीमा हात राख्ने गर्छन्। तर, निर्णय गर्ने भनेको मस्तिष्कले नै हो। मेडिकल्ली भन्ने हो भने मुटु त मासुको डल्लो हो, यसले शरीरलाई चाहिने रगत पठाउँछ। यसको काम त यान्त्रिक नै हुन्छ। कुनै पनि कुराले मानिसलाई छोयो भने सबैभन्दा पहिला मस्तिष्कले नै कार्य सम्पादन गर्छ। राम्रा कुरा, नराम्रा कुराको विश्लेषण मस्तिष्कले गरेपछि त्यसको असल मुटुमा देखिन्छ। स्वीच अन गर्दा बल्ब बले जस्तै मस्तिष्कको प्रतिक्रिया मुटुले पनि देखाउने हो। मेडिकल्ली मुटुले यान्त्रिक काम गर्छ, आत्मिक तथा भावनात्मक रूपमा मुटुले पनि मस्तिष्कको साथ काम गरेको हुन्छ। साँच्चै भन्ने हो भने मन र मस्तिष्क (दिमाग) टाउकामा नै हुन्छ।'

अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा वि.सं. २०७४ मा प्रकाशित 'स्मारिका' मा डा. भगवान कोइरालाको 'पेसामा व्यावसायिक आचरण, नैतिकता र कुशल व्यवस्थापन आजको आवश्यकता' सम्बन्धी एउटा लेख प्रकाशित भएको थियो।

त्यस लेखमा मन र बुद्धिको खेल उपशीर्षक पनि थियो। उक्त उपशीर्षकमा लेखिएको थियो, 'मन र बुद्धि (दिमाग) बीचको सबैभन्दा लामो दुरी जम्मा ३० सेमी हो। तर व्यवस्थापन गर्न सबैभन्दा कठिन पनि यही हो। इच्छा र रहरलाई बेलगाम छोड्यौं भने हामी भित्र विकृत मानसिकता जाग्छ जसले हाम्रो नैतिकताको जग हल्लाउँछ। व्यक्तिगत चाहनालाई काबुमा राख्न सक्नु ठुलो चुनौती हो। यही नै मन र बुद्धिबीचको खेल हो। यो खेलमा आफ्नोस्तर आफैं तय गर्ने र कायम राख्ने हो, राष्ट्रको कानुनमा भएका कानुनी र नैतिक मान्यताको परिधिमा रहेर (पृ.१२४)।'

स्मारिकामा भएका यी वाक्यहरूले मेरो मनमा जिज्ञासा उब्जाइदियो। कुनै दिन डा. कोइरालासँग सम्वाद गर्ने अवसर पाएमा मन र बुद्धिका सम्बन्धमा र यी दुईबीचको दुरीका सम्बन्धमा जिज्ञासा राख्ने विचार गरेँ।

वि.सं. २०७६ सालमा त्रिभुवन विश्वविद्यालयमा उपकुलपतिको पदावधि सकिएको अवस्था थियो। त्यस समयमा म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव थिएँ। उपकुलपति सिफारिसका लागि सिफारिस समितिले तीन जनाको नाम सिफारिस गर्दा प्रा.डा. भगवान कोइरालाको नाम पहिलो थियो। तर डा. कोइरालाले उपकुलपति पदमा बस्न रुचाउनु भएन।

नेपालको पुरानो र सबैभन्दा ठुलो विश्वविद्यालयको उपकुलपति पद डा. कोइरालाले नस्वीकार्नुले कोइराला दबाब र प्रभावमा काम गर्नु चाहनुहुँदैन भन्ने सङ्केत मैले बुझेँ। त्रिभुवन विश्वविद्यालयको उपकुलपति हुनु भनेको तातो कराहीमा बस्नुजस्तै थियो।

शिक्षाबाट मेरो सरुवा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा भयो। त्यस समयमा नेपाल मेडिकल काउन्सिलको अध्यक्षलगायतका पद रिक्त थिए। सरकारले नेपाल मेडिकल काउन्सिलको अध्यक्षमा प्रा.डा. भगवान कोइरालालाई नियुक्त गऱ्यो। सरकारको निर्णय मन्त्रालयमा आएपछि मैले डा. भगवान कोइरालालाई सम्पर्क गरेँ।

नेपाल मेडिकल काउन्सिलको अध्यक्षमा सरकारले नियुक्त गरेकाले डा. कोइरालालाई अनुकूल समयमा मन्त्रालय आउन अनुरोध गरेँ। उहाँले दिनको बाह्र बजेको समय दिनुभयो र निर्धारित समयमा आउनुभयो। मैले बधाई दिँदै नेपाल सरकारले नियुक्त गरेको निर्णयानुसारको पत्र हस्तान्तरण गरेँ। त्यसपछि हामीले केही समय भलाकुसारी गऱ्यौं।


मैले त्रिभुवन विश्वविद्यालयको उपकुलपति नस्वीकार्नु र काउन्सिलको अध्यक्ष स्वीकार्नुको कारण सोधेँ। उहाँले तार्किक किसिमले आफ्नो कुरा राख्नुभयो। म निकै प्रभावित भएँ। मैले डा. भगवान कोइरालालाई चिन्दथे, तर डा. कोइरालाले मलाई चिन्नु हुँदैनन्थ्यो। काउन्सिलको अध्यक्ष नियुक्ति भएपछि दुवैले एक अर्कालाई चिन्न थाल्यौं। डा. कोइरालासँग बेला बेला भेट हुन्थ्यो, कतिपय सार्वजनिक कार्यक्रममा भेट हुन्थ्यो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा केही समस्या पर्दा मैले डा. कोइरालालाई फोन गरेर सल्लाह माग्थेँ, उहाँले मलाई सिधा, स्पष्ट र सरल सल्लाह दिनुहुन्थ्यो। नेपालका चिकित्सकहरू अमेरिका बाट उपलब्ध हुने फेलोसिपमा जाने परम्परा नै बनेको छ। यसका लागि नेपालका चिकित्सकले संयुक्त राज्य अमेरिका (युएसए) को मेडिकल लाइसेन्सिङ इग्जामिनेसन (युएसएमएलई) मा सफल हुनुपर्छ। यस्तै फेलोसिप कार्यक्रममा डा. कोइराला पनि अमेरिका गएको 'हृदय' पुस्तकबाट जानकारी मिल्छ।

'मेरो जे वान भिसा भएकाले श्रीमतीले काम गर्न पाउने सुविधा थियो' (पृ.५६)। यस प्रयोजनका लागि युएसएले जे वान भिसा उपलब्ध गराउँछ। यसका लागि सम्बन्धित देशको स्वास्थ्य मन्त्रालयको सिफारिस पत्र जरुरी हुने रहेछ। यस्तो सिफारिसमा 'फेलोसिपमा जाने चिकित्सक आफ्नो देशमा फर्केर सेवा गर्नेछ, उसले अध्ययन गर्ने विषय यो देशलाई आवश्यक छ' भन्ने निर्देशित वाक्य सम्बन्धित देशको मन्त्रालयले लेखिदिनुपर्ने रहेछ।

यस्तो पत्र लेख्न मलाई सजिलो लागेन। फेलोसिपमा जाने चिकित्सकमा राष्ट्रको नियन्त्रण नहुने र ऊ फर्कने ग्यारेन्टी राष्ट्रले लिन पनि नसक्ने अवस्था रहेछ। विगतमा फेलोसिपमा युएस गएकाका दश प्रतिशत पनि नेपाल नफर्केको जानकारी मैले मन्त्रालयबाट पाएँ। विगतमा दबावका कारण खुरुखुरु सिफारिस दिने गरेकामा मैले यसलाई अलि व्यवस्थित गर्न खोजेँ।

यस सम्बन्धमा मैले नेपाल मेडिकल काउन्सिलका अध्यक्ष प्रा.डा. भगवान कोइरालाको सल्लाह लिएँ। उहाँले 'आफू पनि यस्तै फेलोसिपमा अमेरिका गएको, नेपालमा चिकित्सकका लागि उच्च अध्ययन र अभ्यासको अभाव भएकाले विश्वका विभिन्न देशको चिकित्सकीय ज्ञान र अनुभव लिन यस्तो फेलोसिपमा पठाउनै पर्छ। नेपालमा थप अध्ययन र अनुभव लिने अवसर निकै कम छ वा छैन। यसलाई रोक्नु हुँदैन तर फेलोसिपमा जाने चिकित्सक नेपाल फर्कनै पर्ने प्रावधान अलि कडिकडाउका साथ राख्नु पर्छ। फेलोसिपमा जानेको अभिलेख राख्नुपर्छ। नेपाल मेडिकल काउन्सिलले यसमा मन्त्रालयसँग सहकार्य गर्न तयार छ, सहयोग गर्न तयार छ', भन्नुभयो।

डा. कोइराला, डा. अर्जुन कार्की जस्ता नेपालका प्रतिष्ठित चिकित्सक पनि फेलोसिपमा अमेरिका गई अध्ययन तथा अभ्यास गरी नेपाल फर्किएका उदाहरण पनि पाइयो। डा. कोइरालाको सुझावअनुसार फेलोसिपमा अमेरिका जाने चिकित्सकलाई व्यवस्थित गर्ने प्रयास सुरु गरे पनि मेरो सरुवा भएकाले चाहे जस्तो व्यवस्थित हुन सकेन। माथिका प्रसंग मैले डा. भगवान कोइरालाको कृति 'हृदय' पढ्दा मेरा मनमा आएका सम्झना हुन्। मैले






पुस्तकका प्रत्येक शीर्षक पढ्दा डा. कोइरालालाई विगतका अनुभवका कसीमा राखेर हेरेँ। 'हृदय' पुस्तकमा उल्लिखित विषय र मैले डा. कोइरालाका सम्बन्धमा बनाएको धारणा बिल्कुलै समान पाएँ। उहाँको जीवनीपरक अनुभव र अनुभूतिले यो पुस्तक उहाँले मस्तिष्कले होइन, मनले लेख्नुभएको हो।

फाइन प्रिन्टले प्रकाशनमा ल्याएको डा. कोइरालाको पुस्तक हृदयको बिक्रीबाट प्राप्त हुने लेखकस्वको पचास प्रतिशत बालबालिकाको उपचारका निम्ति खोलिने बहुविशिष्टीकृत अस्पताल निर्माणमा खर्च हुने सन्देशले हरपाठकलाई गम्भीर बनाउँछ र सहयोग गर्न उत्प्रेरित गर्छ।

पुस्तकमा लामाछोटा गरी अन्ठाउन्न शीर्षकमा डा. कोइरालाका अनुभव र अनुभूति पढ्न पाइन्छ। कुनै शीर्षक लामा छन्, कुनै निकै छोटा पनि छन्। 'रुखको ग्याजुएसन', 'घरबार', 'अस्पताल सुध्रिँदै, घर बिग्रिँदै', 'मन्त्रीका सल्लाहकारसँग टकराव', 'मदिरापान र मांसाहार' जस्ता शीर्षक दुई पृष्ठमा अटेका छन् भने '२०५८ जेठ १९' भन्ने शीर्षक सबैभन्दा लामो छ, यो एघार पृष्ठको छ।

पुस्तक पढ्दा सिलसिलाबद्ध भएर क्रमैसँग पढ्नुपर्छ। यो पुस्तक डा. कोइरालाको बाल्यकालदेखि वर्तमान समयसम्मको अनुभव र अनुभूति हो, यो लगभग समयक्रम मिलाएर लेखिएका हुनाले आफू खुशी शीर्षक चयन गरी पढ्दा पुस्तकको वास्तविक स्वाद पाउन सकिँदैन। पुस्तकमा रोचक र कौतुहल जगाउने प्रशस्त विषयवस्तु छन्। नेपालको पहाडी भूभाग पाल्पाको एउटा गाउँमा जन्मिएको व्यक्ति चिकित्सक बन्ने रहरमा उसले गरेका प्रयत्न, भोगेका हण्डर, जुधेका समस्याहरू, भोगेका आरोह र अवरोहहरू, हासिल गरेका उपलब्धि र सफलता, देशका लागि एक सच्चा नागरिकले गर्नुपर्ने कर्तव्य, पेसागत इमान सबै एउटै पुस्तकमा अध्ययन गर्न पाइन्छ।

चिकित्सक बन्न तत्कालीन सोभियत सङ्घको आर्मिनिया र युक्रेनमा एमबीबीएस अध्ययन, बंगलादेशमा एमएस (सर्जरी अध्ययन), संयुक्त राज्य अमेरिका र क्यानडामा फेलोसिपमार्फत कार्डियोलोजीमा उच्च अध्ययन गर्दाका डा. कोइरालाका अनुभव र अनुभूतिले पाठकलाई तत्तत् स्थानमा पुऱ्याउँछ र रोमाञ्चित पनि बनाउँछ।

एक चिकित्सक, त्यसमा पनि मुटुको सर्जन डा. कोइरालाको पुस्तक पढ्दा डा. कोइराला हाम्रो अगाडि मेचमा बसेर आफ्ना अनुभव तथा अनुभूति सुनाइरहनुभएको छ कि भन्ने भान हुन्छ। 'म यसरी जङ्गिएपछि श्रीमती सान्द्रा डराइन्। 'ए बाबा नकराउनू, यता आउनू', भनेर तान्न थालिन्। सुशील पन्तले मलाई तानेर भन्नुभयो, 'उनी त ठूलै मानिस हुन्, बढी नकराउनु ठीक हुन्न' पृ.९१)।

पुस्तक पढ्दै गर्दा कतै डा. कोइराला हाम्रै वरिपरि त हुनुहुन्न भनेर यताउता पल्याकपुलुक हेर्न पुगिन्छ। पुस्तकमा यस्ता परिवेश पटकपटक आउँछन्। पाठकलाई तान्न सक्नु र आफूसँगै हिँडाउनु सबै लेखकको खुबी हुँदैन। मैले 'हृदय' पढ्दा पुस्तकका लेखक डा. भगवान कोइरालालाई एक सर्जकका रूपमा हेरेको थिएँ। यो लेख पनि सर्जकको पुस्तक माथि लेखिएको हो। यहाँ म 'हृदय' पुस्तकको विस्तृत समीक्षा गर्दिनँ। बरु यहाँ केही विशेष मन परेका प्रसङ्ग मात्र उल्लेख गर्न चाहन्छु :

लेखक कोइरालाले पुस्तकमा पाल्पाली लवज पस्किनुभएको छः गणितमा मेरा जग नै अलि कमजोर थियो, एसएलसीमा ३२ जो ल्याएको थिएँ (पृ.१६)। केही द्वित्वको प्रयोगले लेखलाई मिठास बनाएको छः गणितसणित (पृ.१६)।

लेखक चिकित्सा क्षेत्रका व्यक्ति भएकाले पुस्तकभित्र प्रशस्त अङ्ग्रेजी शब्दहरू भेटिन्छन्। यसरी भेटिनु पनि स्वभाविक छ। चिकित्सा क्षेत्रका शब्दहरूको नेपाली शब्द भेटाउन, पाउन र खोज्न पनि मुस्किल छ।

अनि, नेपालीकरण गरेर भन्नुभन्दा अङ्ग्रेजीमा भन्दा बढी सम्प्रेषणीय हुने गर्छ। सिनियर, हाउस, युनिट, वान, सर्जरी, एक्पोजर, अफिसर, ब्लेसिङ इन डिसगाइज, कोर्स, डिग्री, हेल्थ, असिस्टेन्ट, जेनेरेटर, आईसीयु, ओपनहार्ट, क्लोजहार्ट, नियोनेट, ब्रेक, प्रेस्क्रिप्सन, अपरेसन थिएटर, कन्सल्टेन्ट, रजिडेन्ट, प्रोजेक्ट, एम्बुलेन्स, रेस्क्यु, ड्राफ्ट, फन्ड, ड्युटी, मेडिसिन, बेड, प्राइभेट, प्लेट, फ्री पार्किङ, स्टोर, इन्भेस्टिगेसन, सेन्टर अफ एक्सिलेन्स, ट्र्याक, डेस्परेट, टिचिङ, गेट, मिटिङ आदि।

डा. कोइरालाले अधिकांश नेपाली अमेरिका अध्ययन वा कामका लागि गएपछि नेपाल नफर्कने विचारमा रहने र उतै बस्न प्रयास गर्ने प्रसङ्गलाई पुस्तकमा विशेष रूपमा उठाउनुभएको छ। अमेरिका बसाइका क्रममा धेरै नेपालीसँग बलियो मित्रता हुन सकेन। किनभने धेरैजसो नेपाली कानुनी वा गैरकानुनी रूपमा त्यहीँ बस्न चाहने तर म फर्किने उद्देश्यले गएको थिएँ (पृ.५९)।

परिवारले केही वर्ष अमेरिका बस्ने प्रस्ताव गर्दा अस्वीकार गरेर डा. कोइराला तत्काल नेपाल फर्किनुभयो। केही वर्ष यतै बसे आर्थिक स्थिति अलि मजबुत हुन्छ अनि तपाईंलाई नेपालमा काम गर्न सजिलो हुन्छ (पृ.६६)। वास्तवमा डा. कोइराला फेलोसिप गरेपछि उतै बस्नुभएन। नेपाल फर्किएर चिकित्सा क्षेत्रमा उल्लेखनीय काम पनि गर्नुभयो।

प्रायः नेपालीले विदेशमा अध्ययन तथा तालिमका क्रममा सिकेका ज्ञान, सीप र प्रवृत्ति नेपालमा आएपछि कार्यान्वयन गर्नै सक्दैनन्, गर्न सक्ने वातावरण हुँदैन। डा. कोइरालालाई पनि यस्तै अनुभूति भएको थियो। आफूले सिकेका ज्ञान र शिक्षण अस्पतालको काम गर्ने वातावरणको बीचको अलिकति पनि तालमेल मिलिरहेको थिएन (पृ.७१)।

आफू एक्लैले मिहेनत गरे पनि साथीहरू र सिनियरहरूले प्रोत्साहन गर्दैनथे, बरु जिस्काउथे भन्ने कुरा लेखकले पुस्तकमा व्यक्त गर्नुभएको छ। अस्पतालमा राति अबेरसम्म बसेर काम गर्थें। साथीहरू 'किन अहिलेसम्म काम गरेको ? गोदवा पाउनु छ तँलाई ?' भन्थे (पृ.३६)। यस्तो अवस्थामा कर्मशील व्यक्ति निराश हुनु स्वभाविकै थियो। तर म भित्रभित्रै निराश र अन्योलको अवस्थामा पुगिरहेको थिएँ (पृ.७१)। डा. कोइराला आफू पनि पटकपटक दुर्घटनामा पर्नुभएको रहेछ। एउटा डाक्टर, त्यसमा पनि सर्जन, जो दुर्घटना परेर हात गुमाउनु परेमा के हुन्छ होला ? उसको चिकित्सकीय ज्ञान र सीपको उपयोग कसरी हुन्छ होला ? यस्ता विषयमा पनि लेखक आफू परेका दुर्घटनासँगै कल्पना गर्नुहुन्छ। दुर्घटनाका परिणामले चिकित्सकीय सेवा मात्र होइन, परिवारमा पनि ठूलो असर पार्छ। त्यस बेला मेरो हात गएको भए परिवारका लागि म केही गर्न सक्दिनथेँ (पृ.१२३)। लेखकले अति संवेदनशील विषयको उठान आफ्नै दुर्घटनाबाट गराएका छन्।

आफूले चाहेका कार्यक्रम आफूपश्चात उत्तराधिकारीले अगाडि नबढाउँदा हर कोहीलाई पनि दुःख लाग्छ। डा. कोइरालाले यस्तो अनुभव तथा अनुभूति पटकपटक गर्नुभएको छ। मुटु तथा फोक्सोसम्बन्धी सेवालाई पाँच विकास क्षेत्रमा विकेन्द्रीकृत गर्न आवश्यक ठानेर प्रस्ताव गरिएको अवधारणा बीचैमा तुहिएकामा मलाई ज्यादै दुःख लाग्छ (पृ.१२६)।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा भएका बेथितिलाई लेखकले स्पष्ट शब्दमा लेख्नुभएको छ : त्यस बेला अस्पतालमा गर्न सकिने अधिकांश इन्भेस्टिगेसनहरू त्यहाँ नगरी बाहिर निजीतिर लैजाने गरेको, इमर्जेन्सीमा बिरामीहरूले उपचार गर्न सकिने स्थिति हुँदाहुँदै कमिसनको लोभमा बाहिर पठाउने गरेको पाइयो। यसैगरी अपरेसन थिएटरबाट महत्वपूर्ण तथा महङ्गा सामान प्रशस्त चोरी हुने गरेको, सामानहरू नोक्सान हुने, कामै नगरी ओभर टाइमको पैसा लिने, ल्याबमा हुनुपर्ने जति आम्दानी नहुने जस्ता कुरा त्यो रिपोर्टमा आए (पृ.१३८-१३९)।

शिक्षण अस्पतालको इमर्जेन्सीमा ल्याएका बिरामी एम्बुलेन्सबाट ओराल्नसमेत नपाउने, आउँदाआउँदै ए बेड खाली छैन, लैजानुस् लैजानुस् भनेर बाटैबाट फर्काउनेसम्म हुँदो रहेछ (पृ.१४५)। पुस्तकमा उल्लिखित यस्तै दृष्टान्तले शिक्षण अस्पतालको बेथितिलाई दर्साउँछन्।

त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालको कार्यकारी निर्देशक पदमा काम गर्दा परेका समस्या, दबाब तथा उल्झनलाई लेखकले मिहिन किसिमले उल्लेख गर्नुभएको छ। यति धेरै घिनलाग्दा राजनीतिक खेल हुने, चरम अनुशासनहीनता, भद्रगोल र अव्यवस्थित आर्थिक हिसाबकिताब भएकाले यो सफल हुने प्रोजेक्ट हो भन्ने मलाई लागेकै थिएन। त्यसैले म संलग्न हुन चाहन्नथेँ। रातभरि निद्रा लागेन (पृ.१४१)। चिकित्सा क्षेत्रका व्यक्तिले त डाक्टर भगवानको सङ्केतबाट नै सम्पूर्ण आसय

बाँकी ६ पृष्ठमा

# चौधरी ग्रुपले २० लाख पर्ने फोर ह्वील ड्राइभ ईभी बिक्री गर्ने

काठमाडौं । विगत केही समयदेखि



न्यू इनर्जी भेहिकलको विक्रीमा प्रवेश गरेको चौधरी ग्रुप अन्तर्गतको सिजी मोटर्सले नेपाली बजारमा नयाँ ब्राण्डको मिनी ईभी ल्याउने भएको छ । कम्पनीले सिटी कारको रुपमा उपयुक्त हुने 'जीयाङ्सु हाउजी अटो'ले उत्पादन गरेको 'आमाई' मिनी ईभी नेपाल ल्याउन लागेको हो । यो सानो ईभीमा फोर ह्वील ड्राइभ अप्सन पाउन सकिन्छ । थ्री डोर अप्सनमा आउने यो सानो कारमा ४ सिट दिइएको छ । आमाई मिनी ईभीमा १८.४३ किलोवाट आवरको लिथियम आयोन ब्याट्री प्याक दिइएको छ । यसमा रहेको ब्याट्रीलाई एक पटक फुल चार्जमा २२५ किलोमिटरसम्म गुडाउन सकिने सिजी मोटर्स स्रोतले जानकारी दियो । अगाडि र पछाडि नै मोटर दिइएको कारमा २४ किलोवाट क्षमताको मोटर छ । कारको टप स्पीड क्षमता १०० किलोमिटर प्रतिघण्टासम्म रहेको छ ।

मिनी कार भएर पनि यसमा ठूलो



साइजको ह्वील दिइएको छ । सामान्यतया मिनी कारमा १२ देखि १३ इन्चको ह्वील रहने गरेको पाइन्छ । तर, यसमा १५ इन्चको ठूलो ह्वील छ । ठूलो ह्वीलको सहायताले नेपालको जस्तो रफ बाटाहरुमा पनि यसलाई सजिलै गुडाउन सकिने कम्पनीले जनाएको छ । आकर्षक रेट्रो डिजाइनमा रहेको हाउजीको मिनी कारमा दुईवटा राउण्ड क्रिस्टल प्रोजेक्सन हेडलाइट र राउण्ड आकारमै दिइएको डीआरएल पाउन सकिन्छ । कारको वाहिरी आवरणमा आकर्षक क्लियर एज र कर्नर रहेको छ । फ्रन्ट र टेल डिजाइनमा दिइएको डिजाइन लाइनले कारलाई एसयूभी लुक्स दिन सफल भएको छ । म्युजिक सिस्टम, एयर कण्डिसन डिजिटल इन्स्ट्रुमेन्ट प्यानल र वाईफाई तथा ब्लुटुथ सपोर्ट गर्ने ९ इन्चको सेन्ट्रल कन्ट्रोल सिस्टम पाउन सकिन्छ । यसमा चार फरक फरक तरिकाले एड्जस्ट गर्न सकिने ड्राइभर र प्यासेन्जर सिट पनि रहेको छ ।

कम्पनीले मिनी कारमा सिट तथा स्टेरिङ ह्वीलमा लेदरको प्रयोग गरेको कारण क्याविन समेत प्रिमियम देखिएको छ । मिनी कारको लम्बाई ३४४४ एमएम, उचाई १५३५ एमएम, चौडाई १५५० एमएम र ह्वीलवेस २३५० एमएम रहेको छ । अहिल्यै मूल्य एकिन नभएपनि यसको सुरुवाती मूल्य २० लाख हाराहारी रहने कम्पनी स्रोतले बताएको छ ।

# सिंगल चार्जमा ३०० किमि चलाउन सकिने चांगनको माइक्रोबस नेपालमा

काठमाडौं । चौधरी ग्रुप अन्तर्गतको सिजी मोटर्सले चांगनको इलेक्ट्रीक भ्यान नेपालमा विक्री सुरु गरेको छ । कम्पनीले प्यासेन्जर कारमा नेटा भी र दुई पाङ्गेमा ओला ब्राण्डपछि लाइट कमर्शियल सेग्मेन्टमा माइक्रोबस ल्याएको हो । सिजी मोटर्सले पहिलो चरणमा चांगनको भी ५ मोडल नेपाल ल्याएको हो । केही समयपछि कम्पनीले भी ७ मोडल पनि ल्याउने जनाएको छ । कम्पनीले गाडीको विक्रीसँगै त्यसको लागि



आवश्यक पर्ने चार्जिङ पूर्वाधारमा पनि लगानी सुरु गरेको जनाएको छ ।

छोटो दुरीमा चल्ने माइक्रोबसको रुपमा डाँफेले सफलता पाउन थालेसँगै अन्य ब्राण्डले पनि माइक्रोबस ल्याउन सुरु गरेका छन् । यही सेग्मेन्टमा बजार देखेको सिजी मोटर्सले चांगन भी ५ बाट माइक्रोबस विक्री सुरु गर्न लागेको हो । चांगन भी ५ मा ४१.८६ किलोवाट आवर क्षमताको सिएटीएलले उत्पादन गरेको ब्याट्री दिइएको छ । यसलाई फुलचार्जमा ३०० किलोमिटर चलाउन सकिने सिजीले जनाएको छ । ११ जना यात्रुले आरमदायी यात्रा गर्न सक्ने यो माइक्रोबसको संचालन लागत अत्यन्त न्यून पर्ने छ ।

चांगन भी ५ मा स्टायडर्ड चार्जरको रुपमा ३.३ किलोवाट क्षमताको नर्मल चार्जर रहेको छ । साथै, कम्पनीले ग्राहकलाई ६.६ किलोवाटको चार्जर पनि निःशुल्क उपलब्ध गराउने जनाएको छ । यसले डिसी फास्ट चार्जपनि सपोर्ट गर्नेछ । यसमा सीसीएसटु चार्जिङ पोर्ट दिइएको छ । अधिकतम १०० किलोमिटर प्रतिघन्टाको स्पीडमा गुड्न सक्ने यो माइक्रोबसमा १७५ एमएमको ग्राउन्ड क्लियरेन्स पाउन सकिन्छ ।

सिजी मोटर्सले ४२ लाख ५० हजार रुपैयाँ मूल्य निर्धारण गरेर यसको विक्री सुरु गर्दैछ । साथै, एक वर्षको बीमा र एक वर्षको वार्षिक कर पनि कम्पनीले दिने जनाएको छ ।

# फक्सवागेनले तीन कम मूल्यका ईभी बजारमा ल्याउने

काठमाडौं । विश्व प्रसिद्ध जर्मन ब्राण्ड फक्सवागेनले तीन नयाँ इलेक्ट्रीक मोडल बजारमा ल्याउने तयारी गरिरहेको जनाएको छ । लागेको जनाएका हुन् । फक्सवागेनले ल्याउने नयाँ एसयूभी सन् २०२६ सम्ममा बजारमा आउने जानकारी दिदै सेफरले भने, 'हामी तिब्र गतिमा माग हुनेछ भने अर्को क्रसओभर मोडल हुनेछ । सम्भवत कम्पनीले ल्याउने नयाँ ह्याचव्याक कार अहिले चल्तीमा रहेको कम्बस्चन इन्जिन युक्त पोलोको



कम्पनीले इन्ट्री लेभल इलेक्ट्रीक कार, क्रसओभर र कम्प्याक्ट एसयूभी गरी तीन नयाँ मोडल बजारमा ल्याउने तयारी गरेको हो । कम्पनीले अहिले अन्तर्राष्ट्रिय बजारमा विक्री गर्दै आएको ह्याचव्याक कार आईडी ३ मा आधारित कम्प्याक्ट एसयूभी बजारमा ल्याउने घोषणा गरेको छ । कम्पनीका सीईओ थोमस सेफरले आईडी ३ मा आधारित एसयूभी ल्याउन बढ्दै गएको कम्प्याक्ट एसयूभी सेग्मेन्टमा चाँडोभन्दा चाँडो उपस्थिति जनाउन हामी काम गरिरहेका छौं ।' फक्सवागेनको एमईबी प्लेटफर्ममा यो एसयूभी बन्ने छ । यसको अलावा कम्पनीले दुई साना कार बजारमा ल्याउने छ । विशेषगरी बजेट कार खोज्ने ग्राहकको लागि कम्पनीले इन्ट्री लेभल कार बजारमा ल्याउन लागेको हो । त्यसमा एउटा सानो ह्याचव्याक साइजमा हुनेछ । अर्को क्रसओभर भने अन्तर्राष्ट्रिय बजारमा विक्री वितरण हुँदै आएको टी क्रस वा नेपालमा विक्री हुने टाइगुनको साइजमा रहने छ । फक्सवागेनले सन् २०२६ सम्ममा १० नयाँ ईभी मोडल ल्याउने योजना मुताविक यी नयाँ मोडल ल्याउन लागेको हो । कम्पनीले ल्याउने १० मोडल सबै किसिमको ग्राहकको माग सम्बोधन गर्ने किसिमको हुन्छ ।

जथाभावी फोहर नफालौं,
सभ्य नागरिकको परिचय दिऔं ।

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, कार्यकारी सम्पादक विनोद कार्की, ९८६१५८८४५६,९८६९५२८१०८ ,कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस